ISSN 2091-1629

मूल्य रु. ४५/-

गौरी मासिक

GAURI MASIK

वर्ष २५. अङ्क ४. २०८२ पुष. पूर्णाङ्क २३६

निरन्तर २३६ औं अङ्क

श्रीस्वस्थानीको अष्टदल यन्त्र

भावातीत ध्यान

भावातीत ध्यान के हो ?

महर्षि महेश योगीज्यू प्रणित भावातीत ध्यान एक सरल, सहज, स्वाभाविक, प्रयासहीन एवं वैज्ञानिक पद्धति हो । यो कुनै पनि अवस्थामा आरामसँग बसेर गर्न सकिन्छ । विश्वभरका १३३ देशका २५० भन्दा बढी विश्वविद्यालयहरूमा ६०० भन्दा बढी वैज्ञानिक अध्ययन तथा अनुसन्धानहरूबाट प्रमाणित यो पद्धति विश्वभरमा ६० लाख भन्दा धेर व्यक्तिहरूले नियमित रूपमा अभ्यास गरिरहेका छन् ।

भावातीत ध्यान (Transcendental Meditation) का विशेषताहरू :

१. भावातीत ध्यान सरल, सहज, स्वभाविक, प्रयासहीन एवं वैज्ञानिक छ । यो शीघ्र प्रभावकारी छ ।

२. भावातीत ध्यान सिक्न तथा अभ्यास गर्न खानपिन, रहनसहन तथा जीवनयापनमा कुनै परिवर्तनको आवस्यकता पर्दैन, न त आफ्नो विश्वास परिवर्तन गर्न जरूरी छ । भावातीत ध्यान जुनसुकै जाति, धर्म तथा विचारधारा भएका सबै देशका नागरिकले सजिलै सिकेर र यसको नियमित अभ्यासद्वारा लाभ उठाउन सक्दछन् ।

भावातीत ध्यानमा के हुन्छ ?

भावातीत ध्यानमा चञ्चल मन शान्त हुँदै अत्यन्त सुक्ष्मस्तरबाट कार्य गर्न थाल्दछ । मन तथा विचारको अवस्था अनुसार हाम्रो शारीरिक अवस्था हुने भएकोले हाम्रो शरीरले पनि गहन विश्राम प्राप्त गर्दछ । शरीरले प्राप्त गर्ने गहन विश्रामले गर्दा मानव जीवनका विभिन्न क्षेत्रमा फाइदाहरु प्राप्त हुन सुरू गर्दछ ।

भावातीत ध्यानबाट हुने लाभहरू

नियमित रूपमा भावातीत ध्यानको अभ्यासले जीवनको समग्र क्षेत्रमा फाइदा पुग्दछ । भावातीत ध्यानका लाभहरूलाई वैज्ञानिक अनुसन्धानहरूले प्रमाणित गरेका छन्:

क) मानसिक क्षमताको विकास

१. तीक्ष्ण बुद्धि एवं गहन समभ्फदारीको विकास हुन्छ

२. धेर विषयवस्तुप्रति चिन्तन गर्ने शक्तिको विकास हुन्छ

३. स्मरणशक्तिको वृद्धिको साथै दुर्बलता, उत्तेजना एव चिडचिडापन हटेर भावनात्मक सन्तुलन बढ्दछ ।

४. सिर्जनशीलता, व्यावहारिक बुद्धिमत्ता तथा गणितीय क्षमतामा वृद्धि हुन्छ ।

ख) स्वास्थ्यमा सुधार

१. स्नायुप्रणालीमा गहन विश्राम उपलब्ध हुनाले तनाव विलीन हुन्छ। स्नायुप्रणाली शुद्ध हुन्छ । व्यक्ति आफ्नो 'स्व' मा स्थित हुन्छ र पूर्ण स्वस्थ हुन्छ ।

२. रोग प्रतिरोध क्षमता बढ्छ । तम्बाकु, बिडी, सिगरट, रक्सी र लागू औषधको आदत बिस्तारै बिस्तारै छुट्छ ।

३. मुटु तथा स्वासको गति एवं चयापचयको दर (Metabolic Rate) मा कमी आई उच्च तथा न्यून रक्तचाप एवं मुटुरोगलाई बढी फाइदा पुगेको पाईएको छ ।

४. चिन्ता र नकारात्मक समस्याहरु (इन्जाइटी र डिप्रेशन) समाधान हुन्छ ।

ग) सामाजिक व्यवहारमा सकारात्मकता

१. सहनशीलता बढ्छ । २. नैतिक परिपक्वताको विकास हुन्छ ।

३. अरूलाई सहयोग गर्ने भावना जागृत हुन्छ ।

४. व्यक्तिको आध्यात्मिक विकास हुन्छ ।

घ) समाजमा सकारात्मक प्रभाव र विश्व शान्तिमा योगदान

कुनै पनि समाज तथा देशको जनसंख्याको १ प्रतिशत मानिसले मात्र भावातीत ध्यान गरेमा त्यस समाज तथा देशमा दुर्घटना कम हुन्छ, अस्पताल भर्ना हुने संख्यामा कमी आउँछ, आपराधिक घटनाहरु कम हुन्छन् र समाजमा भाइचाराको सम्बन्ध सुदृढ हुँदै सामन्जस्यतामा वृद्धि हुन्छ । समाज तथा देशको सामूहिक चेतनामा सहसम्बद्धता बढ्दै सात्विकतामा वृद्धि हुन्छ ।

भावातीत ध्यान कसका लागि ?

भावातीत ध्यान ती व्यक्तिहरूका लागि हो जसले मानसिक क्षमतामा अभिवृद्धि गर्दै सुदृढ शारीरिक एवं मानसिक स्वास्थ्य चाहन्छन् । साथै ती व्यक्तिहरूका लागि हो जो तनाब एवं चिन्ताबाट मुक्त भएर जीवनमा प्रगति, विकास, सुख, शान्ति र सन्तुलनका अभिलाषी छन् । याद राख्नुहोस्: भावातीत ध्यान कुनै धर्म नभएर मानवीय चेतनाको आधारमा प्रवर्तित एक विज्ञान हो । यसबाट जीवनमा सुख, शान्ति, समृद्धि र सन्तुलनको विकास हुन्छ ।

भावातीत ध्यानमा गरिएको अनुसन्धानको एउटा नमूना

56% Decrease in Hospitalization Rate in All Categories of Disease

Through Transcendental Meditation



Psychosomatic Medicine 49 (1987): 493–507

भावातीत ध्यानको आवासीय कार्यक्रमः

२ रात र ३ दिन

शुल्क रू १० हजार (आवास, खाना र ध्यान सहित)

स्थानः महर्षि वैदिक इन्विटच्युट, ब्रह्मानन्द सरस्वती ग्राम, दक्षिणकाली न.पा.-१ बोसन

सम्पर्क मोवाइलहरू:

९८५१०१३०२२ दीपकप्रकास बास्कोटा, अध्यक्ष (पूर्व गृहराज्यमन्त्री)

भावातीत ध्यान शिक्षकहरू:

९८५७०८०७८७ भरतराज पौडेल, ९८५१०३९४७४ माधव अर्याल, ९८५१००३८९४ मीनराज अधिकारी ।

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
सह-सम्पादक
भागवतश्री न्यौपाने (९८१३०१०२०२)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
पार्वती सेढाईं
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस
अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।
एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-
ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुर्‍याइ पुण्य कमाउनुहोस् ।
यस पत्रिकामा प्रकाशित लेख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

सम्पर्क कार्यालय
मैतीदेवीमार्ग, सेतोपुल, काठमाडौं
फोन नम्बर- ०१-४५३४१४१
इमेलः- masikgauri@gmail.com / gauri_2062@yahoo.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरू कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष २१, अङ्क ४, २०८२ पूर्णाङ्क २३६

पुस २०८२

मङ्गलबार	१	८	१५	२२	२९
बुधवार	२	९	१६	२३	३०
बिहीबार	३	१०	१७	२४	गौरी
शुक्रबार	४	१	१८	२५	गौरी
शनिवार	५	१२	१९	२६	गौरी
आइतवार	६	१३	२०	२७	गौरी
सोमबार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।
कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति

सम्पर्कः ९८४१५३३७८७, ९८०३८८८६६७ ९८५१०५३६०१

संक्षिप्त महाभारत

अघिल्लो अंकबाट क्रमशः

कच र देवयानीको कथा

देव गुरूका छोरा कचले आफ्ना गुरू शुक्राचार्यसँग शिक्षा लिँदैछन् भन्ने कुरा दैत्यहरूलाई थाहा भयो । यदि कचले अन्य विषयका साथै सञ्जीवनी विद्या पनि सिके भने त आफूहरूले देवताहरूलाई लडाइँमा हराउन कहिल्यै सक्दैनौं भन्ने कुराले उनीहरूको मनमा चिसो पस्यो । आपसी लामो छलफलपछि उपयुक्त समय हेरेर कचलाई मारिदिने योजना बनाउनेमा राक्षसहरू एकमत भए ।

एकदिनको कुरा हो, आश्रमका गाई चराउन कच जङ्गलतिर गएका थिए । त्यही मौका छोपेर राक्षसहरूले कचलाई मारिदिए । अनि उनको शरीर काटकुट गरेर टुक्राटुक्रा पारी कुकुरलाई ख्वाइदिए । बेलुका भयो, गाईहरू जङ्गलबाट घर फर्किए, तर रात पर्दा समेत कच भने आएनन् । त्यो देखेर देवयानीलाई धेरै चिन्ता पऱ्यो र उनले आत्तिदै आफ्ना पिताजीकहाँ पुगेर भनिन्– 'पिताजी, रात परिसक्यो, गाईहरू पनि सबै गोठमा आइसके तर कच भने अहिलेसम्म आएनन् । पक्का पनि उनीमाथि ठूलो विपत्ति परेको हुन सक्छ । लौन ! केही त गरिदिनुपऱ्यो ।' त्यति भनिसकेर देवयानीले धेरै बिलौना गर्न थालिन् ।

देवयानी कच भने पछि हुरूक्कै हुन्थिन् र गुरू शुक्राचार्यले आफ्नी छोरीको यस्तो विलाप देखेर आफ्नो सञ्जीवनी विद्या प्रयोग गरी 'हे बाबु प्रिय कच, तिमी जहाँ छौ तुरून्त आऊ' भन्ने वित्तिकै नजिकै रहेको कुकुरको पेट फुटाउँदै टुक्राटुक्रा मासु निस्कियो र त्यो टुक्रा भएको मासु जोडिदै गयो । अनि आफ्ना गुरूका अगाडि हात जोडेर कच उभिए । यो देखेपछि देवयानीले कचलाई सोधिन्– 'कच तिमी कहाँ हराएको ?' कचले आफू बृहस्पतिको छोरा भएकाले दानवहरूले तरवारले काटेर टुक्राटुक्रा पारी कुकुरलाई खुवाएको सबै यथार्थ देवयानीलाई सुनाए ।

समय बित्दै गयो । फेरि अर्को दिन पनि आश्रमका निम्ति फूल खोज्न जाँदा दानवहरूले कचलाई मारे र उसको शरीरलाई काटेर सानोसानो टुक्रा पारी नदीमा बगाइदिए । पहिले जस्तै समयमा कच नआउँदा देवयानी धेरै विलाप गरेर रून लागिन् । फेरि पनि गुरू शुक्राचार्यले सञ्जीवनी विद्या प्रयोग गर्दा कच समुद्रबाट निस्किएर गुरू सामु आइपुगे र दानवद्वारा आफू काटिएको वृत्तान्त देवयानीलाई सुनाए । जति गर्दा पनि कच बाँच्ने भएकाले दानवहरूले नयाँ जुक्ति निकाले । त्यसैले, कचलाई मारी डढाएर खरानीको धुलो बनाई शुक्राचार्यले पिउने गरेको मदिरामा मिलाएर । सोही मदिरा दानवहरूले शुक्राचार्यलाई नै पिलाउने निधो गरे ।

पहिले जस्तै कच हराएकाले फेरि देवयानीले विलाप गर्दै आफ्ना वावुलाई भन्न लागिन्– 'पिताजी फेरि पनि दानवहरूले कचलाई मारे जस्तो छ । अब के गर्ने ?' यस्तो विलाप सुनेर दैत्य गुरूले पुत्रीलाई सम्झाए– 'हे छोरी, धन्दा नमान, म पत्ता लगाइहाल्छु नि ।' यसो भनेर पहिले जस्तै शुक्राचार्यले आफ्ना चेलालाई 'हे वावु कच !' भन्दै बोलाए । त्यसपटक चाहिँ आफ्नै पेटभित्रबाट 'हजुर गुरू ।' भनेर कचले चिच्याएको शुक्राचार्यले सुने ।

आफ्ना प्रिय शिष्यलाई कसरी बाहिर निकाल्ने भनेर गुरूलाई चिन्ता पऱ्यो र एकछिन गहिरिएर जुक्ति निकाले । शुक्राचार्यले आफ्ना चेलालाई पेटभित्रै सञ्जीवनी विद्या सिकाउँदै भने– 'यो विद्या सिकेपछि तिमीले मेरो पेट फुटाएर आफू बाहिर निस्कनु । अनि सञ्जीवनी विद्या पढेर मलाई बचाउनू ।' कचले गुरूको आज्ञा बमोजिम शुक्राचार्यको पेट फुटाएर बाहिर निस्केपछि सञ्जीवनी मन्त्र पढेर आफ्ना गुरूजीलाई बचाए ।

यो घटनाले गुरू शुक्राचार्यलाई साह्रै पछुतो भयो । मदिरा पिउने आदतले यति ठूलो घटना भयो । यसको मुख्य कारण नै मदिरा हो । तसर्थ 'जसले त्यो मदिरा पिउँछ उसको मति भ्रष्ट हुन्छ र समाजमा सबैबाट अपहेलित पनि हुन्छ । यस कुरालाई सबैले ध्यान दिनुपर्छ' भन्ने निष्कर्ष निकाले । कच यति इमान्दार भई ब्रह्मचारी भएर आफूसँग पढ्न आउनुको रहस्य बारे जान्न शुक्राचार्यले दिव्य दृष्टि लगाएर हेरे । सबै कुरा त्यतिखेर मात्र थाहा पाए । अनि त उनी झन् खुसी भए ।क्रमशः

प्रस्तुतिः केदारनाथ खनाल,
भीमसेनथापा– ३, तान्द्राङ, गोरखा

सम्पादकीय

शास्त्रीय मर्यादाको पालन गरौं !

ज्योतिष शास्त्रले नवग्रहहरूको आआफ्नै किसिमका प्रभाव र असर बताएको छ । ग्रहहरूमध्ये कुनैले शुभ त कुनैले अशुभ फल दिने गर्दछन् । यसैबीच शुक्र ग्रहलाई शुभ ग्रहको रूपमा चिनिन्छ । त्यसैले शुक्र ग्रह अस्त हुँदा नविनतम शुभकार्यहरू गर्न नहुने र यसो गरिएमा धन, ज्ञान र शुभ कार्यहरूमा कमी आउने मान्यता रहेको छ ।

जब शुक्र सूर्यको परिक्रमा गर्ने क्रममा १० डिग्रीभन्दा कम कोणमा आउँछ, त्यस अवस्थामा उक्त ग्रह अस्त भएको मानिन्छ र त्यस अवस्थामा दिने फल कमजोर मात्र हुँदैन पूर्ण रूपमा निष्क्रिय समेत हुन जान्छ । शुक्र ग्रहलाई धन, ज्ञान, धर्म, विवाह, प्रेम, विलासिता, सन्तान र शुभ कार्यको प्रमुख कारक ग्रह मानिन्छ । त्यति मात्र होइन यस ग्रहलाई शुभ, मार्गदर्शन र विवेकको प्रतीक पनि मानिन्छ । त्यसैले जब यो ग्रह अस्त हुन्छ, तब यसको शुभ प्रभावहरू पृथ्वीका कम आउने विश्वास गरिन्छ र शुभ कार्यहरू गरिँदैन । शुक्रसँगै बृहस्पति ग्रहलाई पनि शुभ र लाभकारक ग्रहको रूपमा लिइन्छ । त्यसकारण यी महत्त्वपूर्ण दुई शुभ ग्रहहरू अस्तको समयमा शुभ कार्य थालनी गर्नुहुन्न भन्ने शास्त्रीय मान्यता रहेको छ ।

यसैबीच गत मङ्सिर २७ गते दिउसो १२:५५ मा पूर्वमा अस्त भएको शुक्र ग्रह आगामी माघ १५ गते रातको १:२९ मा पश्चिममा उदय हुने जनाइएको छ । तसर्थ यस अवधिमा इनार, बगैँचा, तलाउ, कुवा या कुनै जलशाला निर्माण, गृहारम्भ वा गृहप्रवेश, मन्दिर आदि निर्माण, देवतास्थापना, प्राणप्रतिष्ठा, चान्द्रायाणदि व्रतको आरम्भ र उद्यापन, बधुप्रवेश, तुलादानादि महादान, सोमयाग, प्रथमउपाकर्म, वेदव्रत, काम्य वृषोत्सर्ग, दीक्षाग्रहण, चुडा, व्रतबन्ध, विवाह, कहिल्यै नगएको तीर्थयात्रा, अग्निहोत्र, संन्यासव्रत, प्रथम राजदर्शन, राज्याभिषेक, समावर्त, कर्णविध जस्ता शुभ कार्यहरू गर्दा कुनै फल प्राप्त नहुने भएकोले गर्नु हुँदैन भनी शास्त्रमा वर्णन गरिएको छ । तसर्थ शास्त्रीय मर्यादाको पालना गरी प्रतिकुल समयमा यस्ता शुभकार्यहरू नगरौं । अस्तु, ❖

यसभित्र

अविच्छिन्न

संक्षिप्त महाभारत — केदारनाथ खनाल — २

सम्पादकीय — ३

कविता

धर्मको लक्षण — भुवनराज सुवेदी 'शास्त्री' — ४

गीताज्ञान

कर्मयोग — आचार्य खेमराज 'केशवशरण' — ५

महिमा

वेदमा शक्ति .. — प्रा.डा. ऋषिराम पोखरेल — ७

आध्यात्मिक वार्ता

वेदान्त विचार... — श्रीमहेन्द्रनाथ गुप्त श्री'म' — ९

दस्तावेज

ब्रह्म र ब्राह्मण... — डा. लक्ष्मीप्रसाद खतिवडा — ११

समसामयिक

श्रीस्वस्थानी...... — सह प्रा.डा. विनु बाबा अर्याल — १७

प्रेरक कथा

सुगालाई साधुको सन्देश — कपील बञ्जारा — २२

समयसन्दर्भ

दण्डक्रम पारायण..... — भागवतश्री न्यौपाने — २३

यात्रा स्मरण

त्रिपुरासुन्दरी भगवतीमाईको... — अर्जुन लामिछाने — २७

पुस्तक परिचय

अग्निस्थापना विधि.... — बिना अधिकारी — ३१

पुस्तक अंश

जनमनन्दिनी सीता . — शिवप्रसाद ढकाल — ३२

गतिविधि — ३४

धर्मको लक्षण

-भुवन राज सुवेदी 'शास्त्री'

राम्रो कर्म सुमार्गको सुजनको साँचो त्यही धर्म हो ।
आगोको पनि काम उष्ण भवमा उष्णत्व नै धर्म हो ॥
पानीको सजिलो छ काम रसको शीतत्व नै धर्म हो ।
वायुको तल-माथि फेरी बहने हावा त्यही धर्म हो ॥

अर्काको उपकार गर्नु दुःखीको सेवा सरी काम र
सेवा गर्नु अशक्तको र दुःखीको लोभै नराखी कन ॥
कर्मैको परिणामले शुभ गरे त्यो धर्म युक्तै छ त ।
भक्ति-भाव, पूजा र ध्यान ईशको हो धर्मको लक्षण ॥

भक्षा भक्ष ती वस्तुको सुधि हुने हो सज्जनै मानिस ।
निर्धाको, दुःखीको, गरीवजनको हेर्चाह गर्ने जन ॥
इर्ष्या-द्वेष नभै सँधै खुशी हुने त्यस्ता ती धार्मिक जन ।
पूजा पाठ विहान ध्यान मन भो हो धर्मको लक्षण ॥

कला-कीर्ति रूचाउने गुण हुने परोपकारी जन ।
पुरातत्त्व र ऐतिहासिक कुरा सुशान्तिको रक्षण ॥
वृद्धा-वृद्ध र बाल रक्षण गरी सेवा सँधै गर्नि त ।
नित्यस्नान र यज्ञ गर्नि मनले हो धर्मको लक्षण ॥

धर्मै वैदिक हो सनातन ठूलो अध्यात्मको हो जग ।
जस्ले पढ्दछ वेद-मन्त्र सजिलै वेदार्थी ज्ञानी जन ॥
पाञ्चायन पूजा र यज्ञ-हवन जो गर्दछन् ती जन ।
सदाचार विचारका हँसमुखी हो धर्मको लक्षण ॥❖

-वेलायत

गीता तृतीय अध्याय

कर्मयोग



–आचार्य खेमराज केशवशरण

इन्द्रिय, मन र बुद्धि समेत एकातिर बहकिएको अवस्थामा जीवात्माले कसरी केही गर्न सक्छ र भन्ने जिज्ञासाको समाधान दिँदै यसपछिको श्लोकमा भगवान् भन्नुहुन्छ

इन्द्रियाणि पराण्याहुरिन्द्रियेभ्यः परं मनः।
मनसस्तु परा बुद्धिर्यो बुद्धेः परतस्तु सः।४२।

अन्वयः इन्द्रियाणि पराणि आतु, इन्द्रियेभ्यः मन, परम्,मनसस्तु, वुद्धि, परा, यः बुद्धेः परत तु सः।

सरलार्थः इन्द्रियहरूलाई श्रेष्ठ भनिएको छ। इन्द्रियहरूभन्दा माथि मन छ, मनभन्दा पनि पर बुद्धि छ र जो बुद्धिभन्दा पनि पर छ त्यो चाहिँ आत्मा हो।

भावविशारदाः यस श्लोकले मानिसको समष्टि जीवन संरचनाबारे प्रकाश पार्दछ। यहाँ आत्माको अस्तित्व सर्वोपरि दर्शाइएको छ। इन्द्रियहरूभन्दा तिनलाई आकर्षित गर्ने विषय सूक्ष्म र बलवान् छन्। ती विषयहरूभन्दा तिनलाई चिताइरहने मन अझ सुक्ष्म र बलवान् छ। मनभन्दा पनि सूक्ष्म र बलवान बुद्धि छ। र, बुद्धिभन्दा पनि माथि आत्मसत्ता छ।

आत्मा सबैको प्रकाशक, सबैको ऊर्जा स्रोत, सबैको धारक केन्द्रबिन्दुका रूपमा रहन्छ। त्यसैले आत्माको स्तरबाट चालिने कुनै पनि प्रयत्न सबैभन्दा प्रभावकारी हुन्छ। कठोपनिषद्मा एउटा प्रसङ्ग आउँछ, जसमा यमराजले ऋषि अलग द्वालक नचिकेतालाई रूपकात्मक शैलीबाट आत्माको अस्तित्वलाई सम्झाएका छन्। त्यसमा दुई मन्त्र छन् र ती मन्त्रहरू यस प्रकार छन्–

आत्मनं रचिनं विद्धि शरीरं रथमेव तु।
बुद्धि तु सारथिं विद्धि मन प्रगहमेव च॥
इन्द्रियाणि ह्यानाहु विषयां स्तेषु गौचरान्।
आत्मेन्द्रियामनोयुक्तं भोक्तेत्याहुर्भनीविण॥

अर्थ– आत्मालाई रथी (रथको मालिक) सम्झ, शरीरलाई चाहिँ रथ मान। बुद्धि सारथी हो भनी बुझ अनि मनलाई चाहिँ त्यसको लगाम ठान। इन्द्रियहरूलाई घोडा भनी भनेका छन्। पाँच विषयहरू तिनका चर्ने ठाउँ कहलिएका छन्। यसरी आत्मा, इन्द्रिय, मन, शरीर यी सबैबाट बनेको प्राणीको समष्टि रूप नै भोक्ता हो भनी विद्वान्हरू भन्दछन्।

उपनिषद्को यस रूपकात्मक अभिव्यक्तिले पनि आत्माको सर्वोपरि सत्तालाई नै पुष्टि गर्दछ। त्यसैले इन्द्रियहरूको संयम भएमा मानसिक स्थिरता हुने त्यसबाट बुद्धिमा निर्णायक शक्ति थपिने र त्यस प्रकार सफल बनेका इन्द्रिय, मन र बुद्धिको सबल प्राप्त हुँदा जीवात्मालाई पनि लक्ष्य प्राप्तिमा सफलता सम्भव हुने स्पष्ट छ। त्यसैले संयमको कल्याणकारीका स्थापित गर्दै भगवान्ले यहाँ अर्जुनलाई काममाथि विजयी बन्न इन्द्रियहरूको संयमलाई अमुक साधन सिद्ध गर्ने प्रमाणका रूपमा यो पावन सन्देश प्रदान गर्नुभएको छ।

एवं बुद्धेः परं बुद्ध्वा संस्तभ्यात्मानमात्मना।
जहि शत्रुं महाबाहो कामरूपं दुरासदम्।४३।

अन्वयः एवम् बुद्धे, परम बुद्ध्वा अतानं आत्मानं संस्तव्य, हे महावाहो, कामरुपं दुरासदम् शत्रु जहि।

सरलार्थः हे महाबाहु अर्जुन ! यसरी बुद्धिभन्दा सूक्ष्म बलवान् र श्रेष्ठ आत्मालाई सम्झेर बुद्धिद्वारा मनलाई बसमा गर अनि इन्द्रिय संयमको अमोग सहायता लिएर कामरूप यस दुर्जन शत्रुलाई मारिदेऊ।

भावविशारदाः यस श्लोकले मानव जीवनको पारमार्थिक लक्ष्यप्रति ध्यानाकर्षण गरेको छ। अविद्याको अन्धकारमा रूमलिएर मानिस आफ्नो आत्माको रूपमा रहेको अजर अमर स्वरूपलाई बिर्सिएर बिल्कुलै जन्मने र मर्ने शरीरकै कोटीको मान्न थाल्दछ। ऊ त चिन्मय सनातन परम्पराको सनातन आत्मा हो। परन्तु त्यस रूपमा आफ्नो भौतिक सत्तालाई सम्झिन नसक्दा ऊ बुद्धि मन र इन्द्रियहरूको दास बन्न पुगिरहेको हुन्छ।

इन्द्रिय, इन्द्रियका विषय मन, बुद्धि सबैभन्दा माथिको जीवन रथको मालिक बनेर पनि आत्माले आफूलाई आफ्नो चिन्मय प्रकृतिलाई बिर्सिएर बुद्धि मन र इन्द्रियहरूको अधीन बनाएको हुँदा नै काम प्रवृत्तिले जीवनमा प्रवेश गर्ने मौका पाउने गर्दछ । र, कमजोर स्थितिको फाइदा उठाएर काम भोगिन्छ र साधकलाई जबरजस्ती भोग जगतमा धकलिदिन्छ ।

वस्तुतः आत्मा सम्पूर्ण शक्तिको स्रोत हो । इन्द्रियहरू उसैबाट शक्ति पाएर क्रियाशील हुन्छन् । मनमा मनन शक्ति, बुद्धिमा विवेकशक्ति सबै आत्माकै सान्निध्यबाट प्राप्त हुन्छ । त्यसैले सबैको शक्तिदाता सबैको स्फूर्तिको मूल स्रोत आत्माले आफ्नो अपरिलीम शक्तिको अनुभव गरेर उठ्नु परम आवश्यक हुन्छ । स्वरूप परिचयसाथ बुद्धि मन र इन्द्रियहरू माथि नियन्त्रण राख्दै आत्मशक्ति खडा भएको खण्डमा कामका लागि कहिले प्रवेश सम्भव नहुने स्थिति सिर्जना गर्न साधक सक्षम हुन्छ । यस सम्बन्धमा पराक्रमी बनेर अघि बढ्न हौसला दिँदै भगवान्ले अर्जुनलाई यहाँ 'महावाहो' शब्दले सम्बोधन गर्नुभएको छ ।

कामलाई भगवान्ले दुर्जय बनाउनुभयो, त्यस्तो दुर्जय कामलाई जित्ने विशेष पराक्रम आवश्यक पर्ने सङ्केत दिँदै अर्जुनमा साहस र उत्साह भर्ने सदाशयले भगवान्ले यहाँ यस सम्बोधनको प्रयोग गर्नुभएको छ । वस्तुतः काम दुर्जय तबसम्म मात्र रहन्छ, जबसम्म आफ्नो अपरिमित शक्ति सम्पन्न रूपको अनुभूति गर्दै आत्मसत्ता चिन्मय रूपमा खडा हुँदैन । भगवान् यसै सदाशयले अर्जुनलाई उत्साहित तुल्याई रहनुभएको छ ।

वस्तुतः जीवात्माले आफूलाई परमात्माको अंशका रूपमा स्वीकार गर्दै आफ्ना अंशी परमाराध्य सर्वेश्वर वासुदेव भगवान्को सेवाप्रति आफूलाई समर्पित गरेर शरणागतिको साधनामा अर्पण गरेपछि उसका सम्पूर्ण उत्थान प्रगति र लक्ष्य प्राप्तिका जिम्मेवारी पनि भगवान्कै हातमा जान्छ । अर्जुनले भगवान्मा पहिले नै शरणागति ग्रहण गरिसकेका छन् ।

शरणागत भक्तको योग क्षमाप्रति स्वयं भगवान्लाई नै चिन्ता हुने हुनाले नै भगवान् स्वयं नै शरणागत भक्त अर्जुनको कल्याण साधनको मार्गदर्शन गर्दै यी प्रिय सम्बोधनद्वारा उनमा उत्साह शक्ति र स्फूर्ति प्रदान गर्दै हुनुहुन्छ । यस प्रकार कर्मयोग नामक यो तृतीय अध्याय विभिन्न महत्त्वपूर्ण साधन साधना सन्देशहरू प्रदान गरेर अब समाप्त हुन्छ ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे

श्रीकृष्णार्जुनसंवादे कर्मयोगो नाम तृतीयोऽध्यायः ।३। क्रमशः

(आचार्य खेमराज केशवशरण वि.सं. २०७४ साउन १८ गते स्वर्गारोहण हुनभएको हो । गौरी मासिकले प्रकाशन आरम्भसँगै उहाँका लेखरचनालाई प्राथमिकताका साथ प्रकाशन गर्दै आएको थियो । साधनाका पाइला स्तम्भ भण्डै एक दशक निरन्तर प्रकाशन गरियो भने त्यसपछि साढे दुई वर्ष दैवी सम्पदा प्रकाशन गरियो । आम पाठकहरूको माग एवम् रूचीलाई मध्यनजर गरी पछिल्ला समयमा उहाँले लेख्नुभएको र उहाँकै पारिवारिक श्रोतबाट प्राप्त भएको गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा निरन्तर प्रकाशित गर्दै आइरहेका छौं ।)

पुस महिनाका पर्व तथा विदा

१ गते धनु सङ्क्रान्ति
२ गते प्रदोष व्रत
५ गते तोल ल्होसार
६ गते विश्व ध्यान दिवस
१० गते क्रिसमस-डे
१३ गते गोरखकाली पूजा
१५ गते तमु ल्होसार/कवि शिरोमणि लेखनाथ जयन्ती/पुत्रदा एकादशी व्रत
१७ गते नयाँ वर्ष २०२६/प्रदोष व्रत/टोपी दिवस/पोशाक दिवस
१९ गते श्री स्वस्थानी व्रत कथा प्रारम्भ/माघ स्नान/पूर्णिमा व्रत
२१ गते गुरू गोविन्द सिंह जयन्ती
२३ गते अरनिको स्मृति दिवस
२४ गते नेपाल ज्योतिष परिषद् स्थापना दिवस
२७ गते पृथ्वी जयन्ती/राष्ट्रिय एकता दिवस/गोरखकाली पूजा
२९ गते राष्ट्रिय भक्का दिवस

वेदमा शक्ति (देवी) उपासना

प्रा.डा. ऋषिराम पोखरेल

आजसम्मको अनुसन्धान अनुसार विश्वको जेठो भाषा संस्कृत हो। संस्कृत वाङ्मयले मूलरूपमा संगालेको विश्वको साझा सम्पत्ति र विश्वको इतिहासमा वेद नै सबैभन्दा जेठो हो। वेदकै आधारमा विकसित भएको हुँदा उत्पत्ति र विकासका दृष्टिले वैदिक धर्म र संस्कृतिलाई विश्वको जेठो धर्म र संस्कृति मानिएको हो। यसबाट विश्वका धेरै-धेरै भाषा, धर्म र सम्प्रदायको जन्म भएको छ।

वैदिक साहित्यको फाँटमा मन्त्र, ब्राह्मण, आरण्यक उपनिषद्का मूलतः ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेदका रूपमा विभक्त वेदको अर्थज्ञान निमित्त गरिने अध्ययनका सहयोगी शास्त्रहरू वेदका अंग र उपाङ्ग मानिन्छन्। वेदका अंगशास्त्रहरू शिक्षा, व्याकरण, कल्प, निरूक्त, ज्योतिष र छन्द हुन्। मीमांसाशास्त्र, धर्मशास्त्र, न्यायशास्त्र, दण्डशास्त्र (नीतिशास्त्र), कृषि, पशुपालन र व्यापार (वाणिज्य) शास्त्र, इतिहास पुराण, रामायण महाभारत र १८ पुराण १८ उपपुराण १८ उपोपुराण ग्रन्थहरूलाई वेदको उपाङ्ग भनिन्छ। आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद, अर्थशास्त्र एवम् स्थापत्य (विज्ञान प्रविधि वा वास्तुशास्त्र) लाई उपवेद भनिएको छ। केही आचार्यहरूले इतिहास र पुराणलाई पाँचौं वेद पनि भन्दछन् र शाखा भेद अनुसार ११३१ वेद शाखा छन्।

महर्षि व्यासले वेदकै सम्पूर्ण व्याख्या विश्लेषण र दृष्टान्तमा आधारित महाभारतलाई वेदकै रूपान्तरण हो भनेका छन्। वेदकै सारपूर्ण व्याख्या, विश्लेषण र दृष्टान्तमा आधारित महाभारतको पनि सारको रूपमा भगवद्गीतालाई लिइएको छ। यसपछिका नीतिशास्त्र, काव्यशास्त्र, काव्य, महाकाव्य, चम्पू, नाटक, प्रकरण आदिले पनि प्रायः रामायण महाभारत र पुराणहरूकै कथा उपकथालाई आधार मनेका छन्। यसरी अपार विद्या सागर बनेको विश्वसम्पदा वेदमा शक्तिको उपासनाबारे के-कस्तो धारणा मान्यता रहेछ भनेर यहाँ अकाशे हेराइ (आजभोलिको हवाइ निरीक्षण जस्तै) गर्ने प्रयत्न गरिनेछ।

शक्तिको अर्थ बल, तागत, सामर्थ्य, प्रभाव आदि इत्यादिका रूपमा गरिन्छ। वस्तुतः कुनै पनि चाहना वा काम गर्ने गराउने तागतको नाम शक्ति हो। शब्दार्थका दृष्टिले क्रिया प्रतिक्रिया आकाङ्क्षा योग्यता र सन्निधि, शब्दशक्तिका आधार हुन्। वैदिक वाङ्मय अनुसार विश्व सृष्टिका क्रममा ईश्वरीय शक्तिको नाम माया, विष्णुमाया, प्रकृत्ति, अज आदि अनेक रूपमा चर्चित छ। यजुर्वेदमा शक्तिलाई 'तिस्रो देवी' अर्थात् ब्राह्मी, माहेश्वरी र वैष्णवी तीन देवीका रूपमा चिनाइएको छ। कतै देवी ऊर्जा हुती त कतै जोष्ट्री भनिएको छ।

अथर्ववेदको देवीसूक्तमा देवीको उपासनाबारे हेर्दा अति नै विशिष्टतापूर्ण महत्त्व वर्णित छ। त्यसमा गद्य पद्य सबै मिलाएर फलस्तुति समेत जम्मा २७ मन्त्रहरू छन्। ती सबैको सारांशमा "देवीको ब्राह्मी माहेश्वरी वैष्णवी रूप सर्व शक्तिमत्ताको रूपमा प्रतिपादन भएको छ। त्यसमध्ये निम्नाङ्कित दुई मन्त्रको अर्थ हेरौं। यी दुई मन्त्रहरूमध्ये पछिल्लो मन्त्र ऋग्वेदमा (१०/१०/१२५) वागाम्भृणीसूक्तमा पनि उपदिष्ट (समाहित) छ। सबै देवताहरूले देवीको उपस्थान गरे (प्राथना गरे) हजूर को हुनुहुन्छ ? (अर्थात हजूरको शक्ति के छ ?) हे महादेवी तपाईको परिचय के हो ॥१॥ त्यसपछि देवीले भन्नुभयो- म ब्रह्म (व्यापक विश्वशक्ति) स्वरूपवाली हुँ। मबाट प्रकृति र पुरूषको रूपमा जगत्को सृष्टि भएको हो अर्थात् म (देवी) नै प्रकृति र पुरूष हूँ। म नै शुन्य ब्रह्म हुँ, म नै अशुन्य ब्रह्म हुँ अर्थात् निर्गुण (शून्य) सगुण (अशून्य) रूप) दुबै मेरै रूप हो ॥२॥ म रूद्रशक्ति (रूद्राणि) हुँ। म कौबेरी शक्ति धनस्वामिनी हुँ। अथवा भनौ अष्टवसु भनेकी म नै हुँ। द्वादश आदित्यादि शक्ति म नै हुँ। पाकताप प्रकाशवशक्ति म नै हुँ। विश्वदेव साथै सबै देवगणको शक्ति म नै हुँ। मित्र वसु, इन्द्र अग्नि र अश्विनीकुमारको शक्ति हूँ या ती सबैका शक्तिको श्रोत म नै हुँ, मेरै शक्तिका अवतार ती देवताहरू हुन्।

वेदमा देहाय अनुसारका शक्तिका अवतार नारीहरूलाई ऋषिका (मन्त्रद्रष्टा) का रूपमा गणना गरिएको देखिन्छ- १. अदिती २. अपला ३. घोषा ४. जुहु ५.

दक्षिणा ६. रोमशा ७. लोपामुद्रा ८. विश्ववारा ९. शश्वती १० वागाम्भृणी ११. सूर्या १२. इन्द्रायी १३. इन्द्रमातः १४. इन्द्रस्नुषा १५. रात्री १६. गोधा १७. यमी १८. वैवस्वती १९. शची २०. श्रद्धा २१. सार्पराज्ञी २२. सिकना आदि ।

ऋषिहरूका अतिरिक्त प्रसंग अनुसार ऋग्वेदका कतिपय सूक्तहरूमा प्रत्यक्ष रूपमा सम्बद्ध पात्रको नाममा पनि स्त्रीपात्रको प्रमुख भूमिका रहेको देखिन्छ । जसमा तलका संवाद सूक्तहरूको चर्चा प्रायः क) यमयमी संवाद ख) उर्वशी पुरूरवा संवाद र ग) सरमा पणि संवाद गरी तीन संवद नै विश्व प्रसिद्ध रहेको पाइन्छ ।

यसका साथै धार्मिक सांस्कृतिक योगदानको दृष्टिले पनि शक्ति स्वरूपा नारीको भूमिका अत्यन्त नै उच्च रहेको देखिन्छ । ती मध्ये पनि विशेषतः अरून्धती, अनसूया, गार्गी, मैत्रेयी, कात्यायनीहरूका प्रसङ्गको धेरै माथिल्लो स्थान रहेको छ । ऋग्वेदको वागाम्भणी सूक्त पढ्दा लाग्दछ विश्वमा ब्रह्मा, विष्णु र महेश्वरले शक्तिकै कृपाले विश्वको सृष्टि स्थिति र संहारको काम गर्न सकेको हुन् । पुराण साहित्य हेर्दा शिव र शक्ति एक अर्काका पूरक रहेको देखिन्छ । शक्तिको उपासनाबारे वैदिक वाङ्मयमा पाइने सम्पूर्ण प्रसङ्गको यहाँ चर्चा गर्नु भन्दा पनि ऋग्वेदोक्त श्री सूक्तको प्रसङ्ग र वेदानुशासन तपशीलका पद्यहरूको मर्म बुझ्न शक्तिको उपासनाले वैदिक समयदेखि नै समाजमा दह्रो रूपमा पाइला गाडिसकेको तथ्य फेला पर्दछ ।

धर्मे अर्थे च कामे च नातिचर्या स्मृताबला ।
केवलं वर्णजातित्वं स्वाध्यायाध्ययने श्रुतम् ॥
सपत्नीकस्य, यज्ञोऽस्ति सर्वदा पूज्यतेऽबला ।
गृहं गृहिण्या भवति चरितार्थमिति श्रुतिः ॥
अर्धो वा पुरुषाः प्रोक्तः पत्नीप्राप्तिं विना सदा ।
तस्माच्छ्रेष्ठा धर्मपत्नी शक्तिरूपा सनातनी ॥

यस प्रकारले वेदमा शक्तिको उपासनालाई उच्चस्थान प्राप्त भएको छ । आजको विश्वमा पनि शक्ति विनाको शिवलाई शव भने झैं शक्तिको महिमा कहिल्यै पनि स्थगन गर्न सकिने वा सीमित गर्न सकिने स्थितिको कल्पना पनि वेदमा गर्न सकिदैन ।❖

-सुन्दरीजल, काठमाडौं

पशुपतिको भेटी

पशुपति क्षेत्र विकास कोषले वि.सं. २०६८ सालको चैत २६ गते एउटा नियमावली लागु गरी पशुपतिनाथमा भक्तजनले श्रद्धाले चढाउनुभएको भेटिघाटीलाई गणना गरी पशुपतिनाथको आम्दानीको रूपमा बाध्ने क्रम शुरू गरेको हो । नियमावली लागु गरिए पनि पशुपति मन्दिर परिसरका सम्पूर्ण मठमन्दिर एवम् देवालयहरूको भेटिघाटी भने गणनामा समावेश भएको छैन । नियमावलीको कार्यान्वायन पछि श्रीपशुपतिनाथ मन्दिर, नवग्रह, हनुमान, बूढानीलकण्ठ र वासुकीनाथ भगवान्‌लाई चढाइएको भेटिघाटी नियमावलीले समेटेको छ । गौरीले सुरूवाती समयदेखि नै भेटिघाटीको मासिक विवरण प्रकाशित गर्दैआएको थियो । कोरोना महामारीपछि केही वर्ष छुटे पनि अबका दिनमा नियमितता दिने प्रयत्न गरेका छौं ।

पशुपतिनाथ मन्दिरमा सङ्कलित
भेटिघाटी (२०८२ मङ्सिर)

मिति	रकम	मिति	रकम
०८-०१	२८३७२०	०८-१७	२६०२१९
०८-०२	२६९१४४	०८-१८	१९०२२६
०८-०३	२९८९३२	०८-१९	२४६५३२
०८-०४	३२५९२१	०८-२०	२४६०४२
०८-०५	२६००३२	०८-२१	३०६९९९
०८-०६	२५८२४५	०८-२२	२५६५९०
०८-०७	२३५५९६	०८-२३	२८५३२३
०८-०८	३७८७९	०८-२४	२५८३९१
०८-०९	२७०२४३	०८-२५	२४०८९०
०८-१०	२६३३३४	०८-२६	३८२५४१
०८-११	१७९९७०	०८-२७	२७२५८०
०८-१२	१७७७६१	०८-२८	३४२९४२
०८-१३	२३९५४१	०८-२९	२६८६८४
०८-१४	२५७६७३		
०८-१५	२६५०३९		
०८-१६	२७७३३४		
		यस महिनाको जम्मा	७७,५८,३२३

माथि उल्लेखित रकममा दानभेटी (पशुपतिनाथ मन्दिर), दानभेटी (वासुकी), दानभेटी (हुण्डी), बुढानीलकण्ठ/हनुमान, चन्दन वितरणस्थल, नवग्रहमा चढाइएका रकम तथा जुत्ताचप्पल र शौचालयको दानपेटिकामा जम्मा भएका रकम सङ्कलित छन् ।

स्रोतः आर्थिक प्रशासन शाखा, प.क्षे.वि.कोष

वेदान्त विचार; मायावाद र श्रीरामकृष्ण

–श्री महेन्द्रनाथ गुप्त श्री 'म'

भक्तिबाट संसार आसक्ति कम हुन्छ

"यसैका लागि साधन-भजन हो। जति-जति उहाँको चिन्तन गर्छौं, संसारी भोगवासना उत्ति नै घट्दै जानेछ । उहाँको पादपद्महरूमा जति भक्ति हुनेछ, उत्ति नै आसक्ति घट्दै जानेछ। उति नै देह सुखतर्फ मन हट्दै जानेछ। पराई स्त्री मातासमान लाग्नेछिन्, आफ्नी स्त्री धर्ममा सहयोग दिनेभित्र लाग्नेछिन्, पशुभाव पर हट्नेछ, देवभाव आउनेछ, संसारदेखि बिलकुल अनासक्त हुन जानेछौं । तब संसारमा रहँदा फेरि पनि जीवनमुक्त भएर विचरण गर्नैछौ । चैतन्यदेव जस्ता भक्त अनासक्त भएर संसारमा रहेका थिए। (महिमासँग) जो सच्चा भक्त छ, उसलाई चाहे हजार वेदान्तको विचार फैलाऊ र स्वप्नवत् भनिरहू, उसको भक्ति जानेवाला होइन । घुमीफिरी केही न केही रही नै हाल्छ । बेतको वनमा एउटा मुसल रहेको थियो, त्यही 'मुसलं कुलनाशनम्' भएको थियो।"

शिवको अंशबाट पैदा हुँदा मनुष्य ज्ञानी हुन्छ । ब्रह्म सत्य छ र जगत् (संसार) मिथ्या छ, यही भावतर्फ मन झुकिरहन्छ। विष्णुको अंशबाट पैदा हुँदामा प्रेम र भक्ति हुन्छ । यो प्रेमभक्ति मेटिन सक्दैन । ज्ञान र विचारपछि यो प्रेम र भक्ति यदि मेटिएको जस्तो लागे पनि कुनै अर्कोबखत एकदम जोरसँग बढेर जान्छ ।

मातृसेवा र श्रीरामकृष्ण । हाजरा महाशय ।

श्रीरामकृष्णको कोठाको पूर्वपट्टि बरन्डामा बसेर हाजरा महासय जप गर्छन् । उमेर ४६-४७ को होला । श्रीरामकृष्णका गाउँका मानिस हुन्। धेरै पहिलेदेखि वैराग्य भएको छ । बाहिर-बाहिर घुम्ने गर्छन् । कहिलेकाहीँ घर गएर बस्छन् । घरमा केही जमिन आदि छ । त्यसैबाट उनकी पत्नी र छोराछोरीको पालनपोषण भएको छ । तर एक हजार रूपैयाँ लगभगको ऋण छ । यसैका लागि हाजरा महाशयलाई ठूलो चिन्ता लागेको छ, कहिले ऋण चुक्ता होला । यस निम्ति उनी सधैं प्रयत्नशील पनि रहन्छन् ।

हाजरा महाशय कलकत्ता पनि आउने-जाने गर्छन् । त्यहाँ ठनठनिया बजारका ईशानचन्द्र मुखोपाध्य महाशय उनको ठूलो खातिरी गर्छन् र साधुको जसरी सेवा पनि गर्छन्। श्रीरामकृष्णले उनलाई यत्नसाथ आफूसँग राख्नुभएको छ, उनको कपडा फाट्दा भक्तहरूलाई भनेर बनाइदिनुभएको छ । सधैं उनको खबर राख्नुहुन्छ र सधैं उनीसँग ईश्वरीय चर्चा प्रसङ्ग गर्नुहुन्छ। हाजरा महाशय बडा तार्किक छन्। प्रायः कुराकानी गर्दागर्दै तर्कमा बगेर यताबाट उता हुन्छन् । बरन्डामा आफ्नो आसनमा माला लिएर सधैं जप गर्ने गर्छन् ।

हाजरा महाशयकी आमा बिरामी भएको खबर आएको छ । रामलाल आउँदाखेरि उनले (हाजराकी आमाले) हात समातेर धेरै प्रकारले कुरा भनेकी थिइन्, आफ्नो काका (श्रीरामकृष्ण) लाई मेरो बिन्ती सुनाइदिएर भन्न उहाँले कसै गरे पनि प्रताप (हाजरा महाशय)लाई घर पठाइदिनुभए, एक चोटि मुख देख्न पाउने थिएँ । श्रीरामकृष्णले पनि हाजरा महाशयलाई भन्नुभएको थियो, "जाऊ, एक चोटि घर गएर आफ्नी आमाको दर्शन गरेर आऊ । उहाँले (आमाले) रामलाललाई धेरै सम्झाएर भन्नुभएको छ ।

आमालाई दुःख-कष्ट दिएर पनि कतै ईश्वरलाई पुकार्न सकिन्छ ? भेटघाट गरेर आए भइहाल्यो।"

भक्तहरू उठेर गएपछि महिमाचरण हाजरालाई

साथ लिएर श्रीरामकृष्णकहाँ आएका छन् । मास्टर पनि छन् ।

महिमाचरण (श्रीरामकृष्णप्रति केही हाँस्दै)– महाराज, हजुरसँग एउटा निवेदन छ, हजुरले हाजरालाई किन घर जान भन्नुभएको हो ? फेरि संसारमा फर्कन (घरमा जान) उसलाई इच्छा नै छैन ।

श्रीरामकृष्ण– उसकी आमा रामलालसँग धेरै रोएकी थिइन्, हाजराले घर छोड्दा उनलाई साह्रै दुःख भएको छ । त्यसैले मैले भनेँ, "तीन दिनका लागि भए पनि गएर आऊ, एक चोटि भेटेर मात्र आऊ । आमालाई कष्ट दिएर के–कतै ईश्वरको साधना हुन्छ ?" म वृन्दावन जाँदा मैले त्यहीँ बस्ने ठहर गरिसकेको थिएँ, तर एकाएक आमाको सम्झना भयो । सोचेँ, म यहाँ बसेँ भने आमा रूनुहुनेछ, बस् सेजोबाबु सँगसँगै फर्केर आएँ । फेरि हाजरा जस्तो ज्ञानीलाई संसारमा फर्किन केको डर ?

महिमाचरण (साहास्य)– महाराज, हाजरालाई ज्ञान जब हुन्छ, तब न ?

श्रीरामकृष्ण (हाँसेर)– हाजरालाई सबै कुरा भएको छ, संसारमा धेरै मन छ, कारण बच्चा–बच्चा आदि छन् र केही ऋण पनि छ । उखान छ नि, मेरी माइजूको सबै बिमारी ठीक भइसक्यो, एउटा नङ मात्र पाकेको छ । (महिमाचरण आदि सबै हाँस्छन्)

महिमाचरण– कहाँ ज्ञान भयो र महाराज हाजरालाई ?

श्रीरामकृष्ण (हाँसेर)– होइन, तिमीलाई थाहा छैन ? सबै जना भन्छन्, "हाजरा एक विशेष खालका मान्छे हुन् । रासमणिको दक्षिणेश्वर ठाकुर बाडीमा बस्छन् । सबै जना हाजराकै नाम लिन्छन्, यहाँको नाम (आफूलाई देखाएर) कसले लिन्छ र !"

हाजरा– हजुर निरूपम हुनुहुन्छ, हजुरको उपमा नै छैन । यसैले हजुरलाई कसैले बुझ्नै सक्दैन ।

श्रीरामकृष्ण– त्यही त, निरूपमबाट कुनै काम पनि हुँदैन, यसैले यहाँ (आफूलाई देखाएर) को नाम कसैले किन लिइरहन्छ र ?

महिमा– महाराज, उसले के जान्ने ? हजुर जस्तो उपदेश दिनुहुनेछ, ऊ त्यस्तै गर्नेछ ।

श्रीरामकृष्ण– होइन, चाहे तिमी उसलाई सोधेर हेर, उसले मसँग भनेको छ, "तिमीसँग मेरो केही दिनु–लिनु छैन ।"

महिमा– ऊ तर्क निकै गर्छ ।

श्रीरामकृष्ण– ऊ कहिले–कहिले मलाई शिक्षा पनि दिन्छ । (सबै हाँस्छन्) जब तर्क गर्न थाल्छ, तब कहिले त म हप्काइदिन्छु । तर्कपछि कहिलेकाहीँ झुलभित्र पल्टिरहँदा लाग्छ, मैले उसलाई केही नहुँदो कुरा त भनिनँ, अनि झुलबाहिर आउँछु, हाजरालाई प्रणाम गर्न जान्छु, तब कतै चित्त स्थिर हुन्छ ।

श्रीरामकृष्ण (हाजरासँग)– तिमी शुद्धात्मालाई किन ईश्वर भन्छौ ?

'शुद्धात्मा निष्क्रिय हुन्छ, तीन अवस्थाहरूको साक्षीस्वरूप हुन्छ । जब हामी सृष्टि, स्थिति र प्रलयका कर्महरूको चिन्ता गर्छौँ, तब ईश्वरलाई मान्छौँ । शुद्धात्मा त्यस्तै तरह हुन्छ, जस्तो टाढा रहेको चुम्बक पत्थर, सियो हल्लिरहन्छ, परन्तु चुम्बक पत्थर चुपचाप रहिरहेको हुन्छ, निष्क्रिय हुन्छ ।क्रमशः

भावानुवादः प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी

स्रोतः श्रीरामकृष्ण परमहंशको दैनिकी

श्रीरामकृष्णवचनसुधा

नेपालीमा !

श्रीरामकृष्ण परमहंसको दैनिकीमा आधारित आध्यात्मिक ज्ञानको बहुउपयोगी पुस्तक 'श्रीरामकृष्णवचनामृत'को नेपाली संस्करण



श्रीरामकृष्ण वचनसुधा प्रकाशन भएको छ । पुस्तक प्राप्तिको निम्ति सम्पर्क गर्नुहोला–

श्रीरामकृष्ण आश्रम, नेपाल

ज्ञानेश्वर काठमाडौं,

मो. ९८६२५९६५७२

ब्रह्म र ब्राह्मण कर्मको औचित्य

डा. लक्ष्मीप्रसाद खतिवडा

१. ब्रह्म स्वरूपको व्याख्या

आजको समाजमा ब्रह्म र ब्राह्मण कर्मको उपादेयता सिद्ध गर्नका लागि सर्वप्रथम 'ब्रह्म' भन्ने तत्त्वको वास्तविक स्वरूप र महत्त्व बुझ्न आवश्यक छ । ब्रह्म भनेको कुनै एउटा धर्म वा सम्प्रदायको ईश्वर वा देवता भन्ने अवधारणाको सट्टा परम वास्तविकता (Ultimate Reality) र सृष्टिको आधारका रूपमा बुझ्नु आवश्यक हुन्छ । ब्रह्म भनेको सर्वव्यापी, नित्य, अविनाशी, अजन्मा र परम चेतना हो । ब्रह्म नै सम्पूर्ण सृष्टिको कारण र आधार हो ।

वर्तमान समाजमा ब्रह्मको यो पहिचान किन आवश्यक छ?

ब्रह्म समय, स्थान र जन्म-मृत्युको बन्धनभन्दा माथि रहेको अपरिवर्तनीय, अनन्त तत्त्व हो । ब्रह्म भन्नाले सर्वव्यापी अर्थात हरेक ठाउँमा उपस्थित (Omnipresent) र परम चेतना अर्थात सृष्टिलाई सञ्चालन गर्ने मूल ऊर्जा (Ultimate Consciousness) भन्ने बुझिन्छ । यसले ब्रह्म शब्दको व्यापकताको पुष्टि गर्दछ । वेदमा ब्रह्मको अर्थ 'महासत्ता' 'आध्यात्मिक शक्ति,' वा 'ज्ञान' ' ऊर्जा' को अर्थमा लिइएको पाइन्छ ।

सत्यं ज्ञानमनन्तं ब्रह्म । (तैत्तिरीय उपनिषद् २.१.१)

यो कथन ब्रह्मको स्वरूपलाई बुझाउने तीन प्रमुख लक्षणको सङ्केत हो । ब्रह्म सत्य (Truth) अर्थात् अपरिवर्तनीय, वास्तविक ज्ञान/चित् (Knowledge/Consciousness) र अनन्त (Infinite) तत्त्व हो जुन देश-कालमा सीमित हुँदैन ।

प्रज्ञानं ब्रह्म (ऐत० ३।१) विज्ञानमानन्दं ब्रह्म (बृ० उ० ३।९।१८)

यी वैदिक 'महावाक्य'हरू हुन् । प्रज्ञानं ब्रह्म (चेतना नै ब्रह्म हो) अर्थात् ब्रह्म नै सृष्टिको बोध गराउने आधार भूत शक्ति हो । 'विज्ञानमानन्दं ब्रह्म' (आनन्द नै ब्रह्म हो) अर्थात् ब्रह्मको स्वरूप परम आनन्द हो भन्ने बुझाउँछ । यो आनन्द भौतिक सुखभन्दा फरक, अक्षुण्ण र आत्मिक तेज हो । ब्रह्म केवल एक निराकार शक्ति मात्र होइन, ज्ञान (चेतना) र आनन्द पनि हो । ब्रह्ममा सचेतनता (Consciousness) र भावनात्मक पूर्णताको गुण निहित हुन्छ । सारांशमा भन्दा ब्रह्म केवल निर्जीव ऊर्जा (Inert Force) मात्र होइन । अर्थात ब्रह्मतेजले,

- भौतिकवादबाट मुक्ति दिन्छ । आधुनिक समाज भौतिक सुख र सीमित सफलतामा केन्द्रित छ । ब्रह्मको अवधारणाले मानिसहरूलाई अविनाशी, अनन्त र चेतनामय वास्तविकताको खोजी गर्न प्रेरित गर्छ ।
- वैज्ञानिक चेतनासँग सम्बन्ध राख्दछ । परम चेतना (Consciousness) को रूपमा ब्रह्मको व्याख्याले भौतिक विज्ञान (जस्तैः क्वान्टम फिजिक्स, स्ट्रिङ थ्यौरी) मा भइरहेका अनुसन्धानहरूसँग जोड्ने आधार प्रदान गर्छ ।
- ब्राह्मण कर्मको आधार ब्रह्म हो । यदि ब्रह्म नै ज्ञान (सत्यं ज्ञानम्) हो भने, 'ब्रह्म जानाति ब्राह्मणः' (जसले ब्रह्म जान्दछ, ऊ ब्राह्मण हो) भन्ने सिद्धान्तलाई बल मिल्छ ।

२. ब्रह्म नै सृष्टिको कारण र आधार

ब्रह्म सम्पूर्ण सृष्टिको कारण (Source) हो । जसरी बीउबाट रूख उम्रन्छ, त्यसैगरी ब्रह्म परम तत्त्वबाट यो सम्पूर्ण जगत (ब्रह्माण्ड, जीव, वनस्पति) उत्पन्न भएको हो ।

बह्म नै चित् (Consciousness) हो । यस वाक्यांशले ब्रह्म तत्त्वलाई चेतना (Consciousness) को रूपमा परिभाषित गर्दछ जुन अवधारणा आधुनिक भौतिक विज्ञानका सिद्धान्तहरूसँग पनि तुलना गर्न सकिन्छ ।

क. आधुनिक विज्ञान र वैदिक अवधारणा

वैदिक श्रुति, स्मृति साहित्यमा पाइने केही गहन अवधारणाहरू आजको आधुनिक विज्ञानसँग पनि जोडिन्छन् । जस्तै;

- ब्रह्म आयाम वा पञ्चम आयाम (Fifth Dimension): भौतिकशास्त्रमा परम्परागत रूपमा तीन स्थानिक आयाम र एक समय आयाम (जम्मा चार आयाम) मानिन्छ । तर,

केही उन्नत सिद्धान्तहरूले पाँचौँ आयाम वा त्योभन्दा बढी आयामहरूको सम्भावना व्यक्त गर्दछन् । ब्रह्म त्यो सूक्ष्म, अदृश्य र आधारभूत पाँचौँ आयाम हो जुन ज्ञान वा चेतनाको आयाम हो ।

◆ बहु-ब्रह्माण्डको अवधारणा (Multiverse)ः वैदिक तथा पौराणिक साहित्यमा अनगिन्ती लोक, ब्रह्माण्ड र आयामहरूको वर्णन छ । आधुनिक भौतिक शास्त्रमा पनि 'बहु-ब्रह्माण्ड' को सिद्धान्त विकसित हुँदै छ । आधुनिक विज्ञानले हाम्रो ब्रह्माण्डजस्ता अरू धेरै ब्रह्माण्डहरू हुनसक्ने सम्भावना व्यक्त गर्दछ । यसरी वैदिक दर्शनमा वर्णन गरिएका कुराहरूलाई विज्ञानले खोजी गर्न थालेको छ ।

ख. क्वान्टम यान्त्रिकी र बहु-ब्रह्माण्ड

क्वान्टम यान्त्रिकीमा बहु ब्रह्माण्डको व्याख्या (Many–worlds interpretation of quantum mechanics-MWI)ः क्वान्टम फिजिक्समा जब कुनै कणको स्थिति मापन गरिन्छ, त्यसले धेरै सम्भावनाहरूमध्ये कुनै एकलाई मात्र वास्तविकतामा बदल्छ । बहु ब्रह्माण्डको सिद्धान्तले के भन्छ भने तरङ्ग वा भाइब्रेसनले नै वास्तविकताको सिर्जना गर्दछ । जुन 'ब्रह्म नै चेतना हो' भन्ने वैदिक भनाइसँग मिल्दोजुल्दो छ ।

घ, स्ट्रिङ थ्योरी र नाद ब्रह्म

◆ भौतिक विज्ञानको 'स्ट्रिङ थ्योरी' (String Theory)ः यो सिद्धान्त अनुसार ब्रह्माण्डमा सबै चीज पार्टिकलमा प्रोटोन, न्यूट्रोन, इलेक्ट्रोन र मासबिहीन पार्टिकलमा फोटोन, ग्राभिटोन आदि सबै कण नभएर सूक्ष्म, कम्पन गरिरहेका धागाहरू (Vibrating Strings) हुन् । यी धागाहरूको कम्पनको तरिकाले नै फरक-फरक कण र ऊर्जा (पदार्थ) सिर्जना हुन्छ ।

◆ वैदिक ब्रह्माण्ड सिद्धान्तमा 'नाद ब्रह्म' पनि स्ट्रिङ वा तरङ्ग हो । ध्वनि वा कम्पन नै परम ब्रह्म ('नाद ब्रह्म') हो । 'ॐ' लाई 'प्रणव ध्वनि' वा 'नाद ब्रह्म' को प्रतीक मानिन्छ, जुन सम्पूर्ण सृष्टिको मूल कम्पन हो ।

◆ आधुनिक विज्ञानको स्ट्रिङ थ्योरीका कम्पन र वैदिक दर्शनमा नाद ब्रह्मको कम्पन एकै विन्दुमा जोडिन्छन् । दुवै सिद्धान्त मान्छन् कि कम्पन (Vibration) नै भौतिक ब्रह्माण्डको आधारभूत निर्माण सामग्री हो ।

वैदिक दर्शन कुनै अन्धविश्वास वा पुरानो कथा मात्र होइन, बरू यसमा गहिरो वैज्ञानिक अन्तर्दृष्टि लुकेको छ । ब्रह्म (चेतना) नै अदृश्य आयाम, बहु-ब्रह्माण्ड र पदार्थको मूल कम्पन (नाद) जस्ता आधुनिक वैज्ञानिक सिद्धान्तहरूको मूल आधार हो । यसले धर्म र विज्ञानलाई अलग-अलग नभई एक-अर्काका पूरकको रूपमा प्रस्तुत गर्दछ ।

ॐ इत्येतत् अक्षरम् इदं सर्वं – (माण्डुक्योपनिषद्, श्लोक १)

'ॐ' अर्थात् नाद ब्रह्म, प्रणव ध्वनि, सम्पूर्ण ब्रह्माण्डको मूल हो । आज विज्ञान पनि मान्दछ कि हरेक चीज ऊर्जा र कम्पन (Vibration) ले बनेको छ ।

सर्वं खल्विदं ब्रह्म (छान्दोग्य उपनिषद् ३.१४.१)

संसारमा जे-जति छ चाहे त्यो जीव होस्, जड वस्तु होस्, ग्रह होस्, वा आकाशगङ्गा होस् त्यो आफ्नो मूल स्वरूपमा ब्रह्म नै हो ।

नेह नानास्ति किंचन (निरालम्बोपनिषद, श्लोक ९)

यस सम्पूर्ण ब्रह्माण्डमा जे-जति हामी देख्छौँ, मूल रूपमा एकै हो । परम तत्त्व (ब्रह्म) भन्दा भिन्न केही पनि छैन । यो नानात्व त केवल एक माया हो ।

सारांशमा भन्दा ब्रह्माण्डमा रहेका हरेक वस्तु वा उर्जा आपसी एकता (Cosmic Unity) मा बाँधिएका हुन्छन् । यसले वैदिक वा हिन्दु दर्शनमा रहेको सर्वव्यापी चेतनाको अवधारणालाई आधुनिक भौतिक विज्ञानसँग जोड्दै, ब्रह्माण्डमा हरेक चीज आपसमा जोडिएको छ भन्ने तथ्यलाई स्थापित गर्दछ ।

३, **ब्रह्माण्डीय जाल** (The Cosmic Web)ः **एकताको सिद्धान्त**

'सर्वं खल्विदं ब्रह्म' (सबै चीज ब्रह्म हो) भन्ने वैदिक भावनालाई आधुनिक वैज्ञानिक प्रमाणहरूद्वारा यसरी देखाउन सकिन्छ ।

क. ब्रह्माण्डमा सबै कुरा आपसमा जोडिएका छन् (Everything is Connected) । ब्रह्माण्डीय जालको मान्यता अनुसार ब्रह्माण्ड कुनै टुक्रिएको वा अलग-अलग वस्तुहरूको समूह नभई एक विशाल, जटिल जालोको रूपमा अवस्थित छ, जहाँ हरेक अवयव अर्को अवयवसगँ जोडिएको छ । वैदिक दार्शनिक मान्यताको मूल अवधारणा पनि सबै चीज आपसमा जोडिएको अवस्था (Interconnectedness) हो । त्यसैले सबै चीज

ब्रह्मबाट उत्पन्न भएका हुन् र ब्रह्म नै सबैमा व्याप्त छ भने कुनै पनि चीज वास्तवमा अलग छैनन् ।

ख. आधुनिक विज्ञानमा जोडिने आधारलाई यसरी केलाउन सकिन्छ ।

◆ भौतिक विज्ञानको अवधारणा अनुसार कण र बल अदृश्य धागाहरू हुन् । आधुनिक विज्ञानले पनि जड पदार्थ (कण) र शक्तिहरू (बलहरू जस्तै गुरूत्वाकर्षण, चुम्बकीय बल)लाई कुनै न कुनै अदृश्य ऊर्जा वा धागो मार्फत जोडिएको मान्दछ । अघिल्लो खण्डमा उल्लेख गरिएको 'स्ट्रिङ थ्योरी'ले पनि कम्पन गर्ने धागाहरूलाई नै सृष्टिको मूल आधार मानेको छ । यसबाट के कुराको पुष्टि हुन्छ भने हामीले देख्ने र अनुभव गर्ने सम्पूर्ण भौतिक संसारको पछाडि एउटा सूक्ष्म, एकीकृत संरचना छ ।

ग. आजको समाजमा यो अवधारणा किन महत्त्वपूर्ण छ ?

◆ एकीकृत दृष्टिकोणः यसले हामीलाई टुक्रिएको र अलग दृष्टिकोणबाट माथि उठ्न सिकाउँछ । यदि ब्रह्माण्डको सबैभन्दा सानो कण पनि जोडिएको छ भने, मानव समाज, प्रकृति र चेतना पनि एक-अर्कासँग जोडिएका छन् ।

◆ कर्म र प्रभावः हिन्दू दर्शनमा कर्मको सिद्धान्तलाई यसले वैज्ञानिक आधार दिन्छ । जसरी एक कणले अर्को कणलाई प्रभावित गर्छ, त्यसरी नै हाम्रो कर्मले पनि सम्पूर्ण मानव समाजदेखि ब्रह्माण्डीय जालसम्मलाई प्रभावित गर्छ ।

४. ब्राह्मणको पहिचान

शास्त्रीय परिभाषा अनुसार ब्राह्मण भनेको ब्राह्मण नै हो । अर्थात् ब्राह्मण ग्रन्थ अनुसार ब्रह्मको ज्ञान भएको व्यक्ति ब्राह्मण हो । ब्राह्मणले ज्ञानसँग सम्बन्ध राख्दछ । 'ब्रह्म जानाति ब्राह्मणः' अर्थात ब्राह्मण त्यो हो जसले ब्रह्म (अन्तिम सत्य, ईश्वर वा परम सत्ता) लाई जान्दछ । वैदिक वाक्यांश "सर्व भूतो हिते रतः" अनुसार सबै प्राणीहरूको कल्याणमा (भलाइमा) सधैँ लीन रहने ब्राह्मण हो । यस वैदिक व्याख्या अनुसार ब्राह्मण केवल ज्ञान जान्नेमा सीमित हुँदैन । ऊ त सबै प्राणीहरूको कल्याणमा सधैँ लीन रहने व्यक्ति हो । ब्राह्मणमा सत्त्वगुण (पवित्रता, सत्यता, शान्ति, निर्मलता) को मात्रा अधिक हुन्छ । ऊ शान्त, सत्यवादी र शुद्ध आचरण भएको हुन्छ । ब्राह्मणको मुख्य कर्म हो- स्वयम् ज्ञान आर्जन गर्नु र समाजमा ज्ञानको प्रकाश फैलाउनु । यही ज्ञान-सम्बन्धी कर्मले नै व्यक्तिलाई ब्राह्मण बनाउँछ ।

क. जन्मना ब्राह्मण कि कर्मणा ब्राह्मण

प्राचीन वैदिक एवम् पौराणिक ग्रन्थहरूका अनुसार जन्मको आधारमा मात्र ब्राह्मणत्व निर्धारण हुँदैन भन्ने कुरा भेटिन्छ । जस्तै अत्रिसंहिताको ब्राह्मण वर्गीकरण;

जन्मना ब्राह्मणो ज्ञेयः संस्कारैर्द्विज उच्यते ।
विद्यया याति विप्रत्वं त्रिभिः श्रोत्रिय उच्यते ॥

वंश अनुसार जन्मले पनि व्यक्तिलाई 'ब्राह्मण' भनेर चिनिन्छ । तर यतिमात्र ब्राह्मणको पहिचान होइन । संस्कारले मानिसलाई दोस्रो जन्म दिन्छ । संकारले अन्यवर्णको मानिसलाई ब्राह्मणत्व प्रदान गर्छ । मानिस जब ज्ञान(विद्या) बाट शिक्षित, दीक्षित हुन्छ तब ऊ 'विप्र' (ब्राह्मण) बन्न पुग्छ । जन्म, संस्कार र विद्या तीनै कुरा पूर्ण भएपछि ऊ 'श्रोत्रिय' (वेद र ब्रह्मको ज्ञाता) बन्दछ । मनुस्मृतिले भन्छ;

शूद्रो ब्राह्मणतामेति ब्राह्मणश्चैति शूद्रताम् ।
क्षत्रियाज्जातमेवं तु विद्याद्वैश्यात्तथैव च ॥

मानिसको कर्म अनुसार, ब्राह्मण पनि शूद्रतामा जान सक्छ र शूद्र पनि ब्राह्मणत्व प्राप्त गर्न सक्छ । क्षत्रियबाट जायजन्म भएको वा वैश्यबाट उत्पन्न भएको पनि त्यसरी नै बुझ्नुपर्दछ । अर्थात जन्मले मात्र ब्राह्मण हुने होइन । योग्यता, विद्या र कर्म अनुसार कुनै पनि वर्णमा जन्मेको सन्तान अन्य वर्णमा आउन वा जान सक्छन् । कर्म र गुण नै ब्राह्मणको पहिचानको वास्तविक मापदण्ड हो ।

त्यसैगरी, श्रीकृष्णको भगवद्वचन अनुसार गुण र कर्मका आधारमा चार वर्ण निर्धारण गरिएको हो । "चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः ।" (भगवद्‌गीता)

५. राष्ट्रका रक्षक ब्राह्मण

"वयं राष्ट्रे जागृयाम पुरोहिताः ।" यस यजुर्वेदको मन्त्रले भन्छ, राष्ट्रको अग्रभागमा नियुक्त हामीहरू सधैँ जागृत/सचेत रहौँ । अर्थात यस श्लोकले भन्छ, पुरोहितलाई राष्ट्रको अगाडि (पुरस् हित) रहेर मार्गदर्शन गर्ने र चौकस रहने दायित्व सुम्पिएको छ, जसले गर्दा सम्पूर्ण राष्ट्र सुरक्षित र उन्नत रहन सकोस् ।

सचेत नेतृत्व अर्थात पुरोहित (पुरस् हित)

अग्रस्थानमा नियुक्त हुन्छ । पुरोहितको मुख्य भूमिका केवल धार्मिक कर्मकाण्डमा सीमित नभई राष्ट्रको आन्तरिक सुरक्षा, प्रगति र कल्याणका लागि मानसिक रूपले सधैँ सचेत (जागृयाम) रहनु हो ।

नैतिक र आध्यात्मिक रक्षाः उनीहरूले समाजमा नैतिक मूल्य, सत्यनिष्ठा र धर्मको रक्षाका लागि अग्रणी भूमिका खेल्नुपर्छ । विकृति, विसङ्गति, कुरीति र अन्धविश्वास हटाउन नागरिकलाई सचेत गराउनु पनि उनीहरूको कर्तव्य हो ।

ज्ञान र मार्गदर्शनः ज्ञान र शिक्षाको माध्यमबाट सही-गलतको भेद छुट्याउन सक्ने सक्षम नागरिक तयार पार्नु पर्दछ । यसले राष्ट्रलाई अखण्ड र सुरक्षित बनाउन मद्दत गर्दछ ।

राष्ट्रको कल्याण सुनिश्चित गर्नुः पुरोहितको कर्तव्य भनेको आफ्नो सम्पूर्ण विवेक, ज्ञान र सदाचारको प्रयोग गरी देशको समृद्धि र सुव्यवस्था कायम राख्नु हो ।

६. ब्राह्मण र यज्ञकर्म

वैदिक परम्परामा ब्राह्मण वर्गको भूमिका भनेको मानवधर्मका तीन काण्डहरू (कर्मकाण्ड, उपासनाकाण्ड, ज्ञानकाण्ड) पालना गर्नु र गराउनु हो ।

उपासनाकाण्ड, ज्ञानकाण्डः वैदिक धर्मका यी दुई काण्डले मन र बुद्धिलाई शुद्ध बनाउँछन्, निखार्छन् । मनलाई थप उन्नत अवस्थामा पुऱ्याउँछन् । उपासनाको उद्देश्य भनेको ब्रह्म वा ईश्वरको नजिक हुनु हो । ध्यान, भक्ति, जप र तपबाट ब्रह्मतेज वा कस्मिक ऊर्जा प्राप्त गर्नु हो । उपासनाले मनको चञ्चलतालाई नियन्त्रण गर्छ र एकै लक्ष्यमा एकाग्र हुन सिकाउँछ । यो कर्मकाण्ड र ज्ञानकाण्डको बीचको सेतु (पुल) हो, जसले कर्मद्वारा शुद्ध भएको मनलाई ज्ञान ग्रहण गर्न तयार पार्छ ।

ज्ञानकाण्डको मूल अर्थ हो ब्रह्मज्ञान प्राप्त गर्नु । यसले परम सत्यको खोजी गर्दछ । ब्रह्म, आत्मा, मोक्षका रहस्यहरूको ज्ञान प्राप्त गर्दै अज्ञानताको निवारण गर्छ । ज्ञानकाण्डको अन्तिम लक्ष्य मोक्ष प्राप्त गर्नु वा ब्रह्मसँग एकाकार हुनु हो ।

कर्मकाण्डः वैदिक परम्परामा कर्मकाण्ड (यज्ञ, होम, पूजा, संस्कार)लाई केवल धार्मिक अनुष्ठान वा ईश्वरको पूजाका रूपमा मात्र नभएर मानव मनको शोधन (शुद्धीकरण) र सामाजिक व्यवस्था कायम राख्ने एक बलियो साधनका रूपमा लिइएको छ । यसको मुख्य उद्देश्य आध्यात्मिक र भौतिक दुवै क्षेत्रमा सन्तुलन कायम गर्नु हो ।

कर्मकाण्डमा उपासनाकाण्ड र ज्ञानकाण्डमा गरिने हरेक कार्यको विशिष्ट लक्ष्य निर्धारित हुन्छ । कर्मकाण्डमा गरिने हरेक कर्म र संस्कारले भौतिक समृद्धि (ऐहिक कल्याण) दिलाउँछ ।

यज्ञकर्मद्वारा गरिने गृहस्थ संस्कारहरूले व्यक्ति तथा समाजका लागि सुख, शान्ति, स्वास्थ्य, कृषि उन्नति र धनधान्यको कामना गर्दछन् । यी कर्महरूले व्यक्तिलाई आफ्नो परिवार र समाजप्रतिको दायित्व निर्वाह गर्न उत्प्रेरित गर्दछ, जसले भौतिक समृद्धिमा योगदान पुऱ्याउँछ । कर्मकाण्डले व्यक्तिलाई निष्काम कर्म गर्न सिकाउँछ । मनको शोधन नै मोक्ष प्राप्तिको पहिलो सिँढी हो । शुद्ध मनमा मात्र ज्ञानको उदय हुन सक्छ ।

ऋषियज्ञं देवयज्ञं भूतयज्ञं च सर्वदा ।
नृयज्ञं पितृयज्ञं च यथाशक्ति न हापयेत् ॥ (४/२१ मनु)

पाँच महायज्ञ (ब्रह्मयज्ञ, देवयज्ञ, पितृयज्ञ, मनुष्ययज्ञ, भूतयज्ञ) का माध्यमबाट व्यक्तिले ऋषि, देव, पितृ, मानव र सम्पूर्ण जीवप्रतिको ऋण चुक्ता गर्दछ । त्यसैले यसको अपहेलना नगरियोस् भनेको छ ।

पञ्चमहाभूतको सिद्धान्त (अग्नि, वायु, जल, पृथ्वी, आकाश) आधुनिक भौतिक विज्ञान र पर्यावरण अध्ययनसँग मेल खान्छ । भौतिक विज्ञानका नजरमा पनि यज्ञ भनेको जीवनको अभिन्न अङ्ग हो । जस्तै ऋग्वेदमा जल चक्र (वाष्पीकरण, सङ्घनन र वर्षा) को वैज्ञानिक विवरण पाइन्छ ।

भूमिं पर्जन्या जिन्वन्ति दिवं जिन्वन्त्यग्नयः ।(ऋग्वेद १।१६४। ५१)

पर्जन्या अर्थात मेघले भूमिलाई (जिन्वन्ति) तृप्त गर्दछ । अग्नय – बिजुली आदि अग्निले अन्तरिक्ष लाई (जिन्वन्ति) तृप्त गर्दछ । अर्थात् वर्षाले भूमिमा उत्पन्न जीव बाँच्छन् र अग्निले अन्तरिक्ष, वायु, मेघ आदि शुद्ध हुन्छन् । त्यसैले अग्निहोत्र यज्ञ गर्दा वायुशोधनको विधि पालना गर्नुपर्छ । वैदिक मान्यता अनुसार अग्निहोत्र हवनमा प्रयुक्त हुने औषधीय सामग्री (जस्तै घ्यू, चन्दन, गुग्गुल, जडी-बुटीहरू) को दहनले आफ्नो घर परिवारभित्रको वायुमण्डललाई शुद्ध गर्छ र सकारात्मक ऊर्जाको सञ्चार गर्छ । यजुर्वेदमा भनिएको छ;

वायुरनिलममृतमथेदं भस्मान्तं शरीरम्।
ॐ क्रतो स्मर कृतं स्मर क्रतो स्मर कृतं स्मर॥ (यजुर्वेद ४० ।१५।)

वायु अमृत हो, अग्नि अमृत हो । नश्वर शरीर अन्ततः भस्ममा विलीन हुनेछ, तर आत्मा अमर र अविनाशी छ जो मृत्युको समयमा वायुमा विलीन हुन्छ । हे मनुष्य ! गरेको कर्मलाई स्मरण गर ।

यो केवल धार्मिक क्रियाकलाप होइन, बरू व्यक्तिको जन्मदेखि मृत्युसम्मको जीवनलाई सामाजिक व्यवस्था, सांस्कृतिक एकता र मानसिक अनुशासन प्रदान गर्ने एक माध्यम हो । ऋषि-मुनिहरूले चाडपर्व र उत्सवका रूपमा कर्मकाण्डहरूलाई नियोजित गरे, जसले जीवनमा उत्सव, आनन्द र नवीनता बनिरहोस् । यसले जीवनलाई नीरस हुनबाट बचाउँछ । कर्मकाण्डहरूमा निहित नियम (जस्तै व्रत, उपवास, शुद्धताका नियम) ले व्यक्तिलाई आत्म-अनुशासन र सदाचारी जीवन बाँच्न प्रेरणा दिन्छन् । सामूहिक अनुष्ठान, मन्त्रहरूको उद्घोष र वातावरणको शुद्धिले सम्पूर्ण परिवेशमा सकारात्मक एवं सात्विक ऊर्जाको सञ्चार हुन्छ ।

७. धर्म, धर्मसापेक्ष र निरपेक्ष

धर्म सनातन हुन्छ । कोही व्यक्तिले बनाउने बाँकी मानिसले पालना गर्ने धर्म होइन । तिनीहरू त आदेश वा निर्देशनको पालना हो वा विश्वास मात्र हो । तिनीहरू प्राकृतिक धर्म होइनन् । वैदिक सनातन धर्म भनेको – अनादि कालदेखिको वा प्राचीनकालदेखि चलिआएको शाश्वत जीवन पद्धति हो ।

वैदिक सनातनधर्मले कर्तव्यलाई धर्म मान्दछ । व्यक्ति वा वस्तुका प्राकृतिक गुणलाई धर्म मान्दछ । जात जाति वा सम्प्रदायमा विभाजन नगरी सार्वभौमिक मूल्य (Universal Values) सहितको सबै मानिसका लागि लागु हुने विश्वव्यापी नैतिक मूल्यमा आधारित कर्म नै धर्म हो । वैशेषिक दर्शनमा भनिएको छ;

अथातो धर्मं व्याख्यास्यामः। (१,१.१)

यति भएपछि वा पहिले ब्रह्म, ज्ञान वा परम सत्यको अनुभूति भएपछि अब हामी धर्मसम्बन्धी नियमहरूको वर्णन गरौँ ।

कर्मं कर्मसाध्यं नविद्यते॥ (१।१।११)

कर्मं (एउटा गति वा क्रियामा रहेको अवस्थामा) कर्म (अर्को गति वा क्रिया) साध्य (थाहा पाउन/हासिल गर्न) सकिँदैन ।

नोदनविशेषाभावान्नोर्ध्वं न तिर्य्यग्गमनम्॥ (५ ।१।८)

नोदन (धक्का वा बल) को अभावमा, कुनै वस्तु न त माथि जान्छ न त तिर्यग् (बाङ्गो/टेढो) जान्छ । बाह्य बलको अभावमा वस्तुको बेग शून्य हुन्छ ।

संयोगाभावे गुरुत्वात्पतनम्। (५,१.७)

कुनै वस्तुलाई रोक्न सक्ने संयोगको अभाव भएमा वस्तु गुरूत्ववल (गुरुत्वाकर्षण) को कारणले पतन (तल झर्ने) हुन्छ । वैदिक ब्रह्माण्ड सिद्धान्तका यस्ता आधारलाई विश्लेषण गर्दा धर्म भनेको व्यक्ति वा वस्तुको चलन वा गति वा कर्मको नियम हो ।

क, धर्मनिरपेक्ष

कुनै वस्तु, विचार वा अवस्था जसको उपयोगिता (औचित्य) र त्यसबाट प्राप्त हुने आशा दुवै समाप्त भइसकेको अवस्था निरपेक्ष अवस्था हो । यो अवस्था कुनै पनि कुराबाट स्वतन्त्र वा मुक्त भएको निरपेक्ष अवस्था हो । त्यसैले धर्मनिरपेक्ष भनेको त्यो अवस्था हो जहाँ धर्मको उपयोगिता र त्यसबाट प्राप्त हुने आशा दुवै समाप्त भइसकेको छ ।

सरल भाषामा भन्दा धर्मनिरपेक्षता भनेको समाजमा धर्मको कुनै सार्थकता बाँकी नरहेको अवस्था हो ।

तर वैदिक सनातन धर्म भनेको स्वयंमा सेकुलर (पन्थ निरपेक्ष) हो र यसले 'धर्म निरपेक्ष' को सट्टा 'पन्थ निरपेक्ष' को सनातनी अवधारणालाई समर्थन गर्छ । वैदिक सनातन धर्ममा विभिन्न मौलिक पन्थहरू (सम्प्रदायहरू/मान्यता प्रणालीहरू) – जस्तै बौद्ध, जैन, किरात (मुन्धुम) आदिप्रति सहिष्णुता, सम्मान र संरक्षणको भाव अन्तर्निहित छ । यसको व्याख्या गर्ने काम ब्राह्मणको कर्तब्यभित्र पर्दछ ।

८. राज्य सञ्चालनका तीन सत्ता र ब्रह्म (ज्ञान) सन्दर्भ

वैदिक राज्य सञ्चालनका लागि आवश्यक तीन सत्ता आधुनिक लोकतान्त्रिक राज्य (Democratic State) का लागि पनि उत्तिकै महत्त्वपूर्ण छन् ।

क. ज्ञानसत्ता (Epistemic Authority) ज्ञानसत्ताको सम्बन्ध सत्य, सूचना र ज्ञानमा आधारित वैधानिकता सँग हुन्छ ।

◆ आजको युगमा यो सत्ता शिक्षा प्रणाली, अनुसन्धान संस्थाहरू, प्राज्ञिक निकाय र स्वतन्त्र सञ्चार माध्यम (Media)मा निहित हुन्छ ।

◆ राज्यले नीति निर्माण र निर्णयहरू अन्धविश्वास वा भावनात्मक उत्तेजनाका आधारमा नभई, वैज्ञानिक तथ्य, तथ्याङ्क र विज्ञहरूको ज्ञानमा आधारित भएर गर्नुपर्छ ।

◆ पारदर्शिता (Transparency) र सूचनाको हक (Right to Information) को सुनिश्चितता ज्ञानसत्ताको आधुनिक स्वरूप हो ।

ख. राजनीतिक सत्ता (Political Authority)

यो सत्ताको सम्बन्ध शासन सञ्चालन, कानून निर्माण र व्यवस्था कायम गर्ने शक्तिसँग हुन्छ ।

◆ यो सत्ता निर्वाचित सरकार (Executive), संसद् (Legislature) र न्यायपालिका (Judiciary) मा विभाजित हुन्छ । यसलाई शक्ति पृथकीकरण (Separation of Powers) को सिद्धान्तले सन्तुलित गर्छ ।

◆ यसको मुख्य कर्तव्य लोकतन्त्रको मूल्य (जस्तैः आवधिक निर्वाचन, मानव अधिकारको रक्षा, कानूनी शासन) को पालना गर्नु र राष्ट्रको अखण्डता तथा सुरक्षा कायम राख्नु हो ।

ग. आर्थिक सत्ता (Economic Authority)

आर्थिक सत्ताको सम्बन्ध देशको सम्पदा, उत्पादनका साधन र आर्थिक नीतिहरूको व्यवस्थापन गर्ने शक्तिसँग हुन्छ ।

◆ यो सत्ता वित्त वा अर्थ नीति, केन्द्रीय बैंक, योजना आयोग जस्ता निकायहरूको सम्पादनमा निहित हुन्छ ।

◆ यसको कर्तव्य समावेशी र दिगो आर्थिक विकास (Inclusive and Sustainable Development) सुनिश्चित गर्नु हो ।

◆ राज्यले उत्पादन (Production), न्यायिक वितरण (Equitable Distribution), गरीबी निवारण, रोजगारी सिर्जना र पुँजी बजारको नियमन गरी समाजमा आर्थिक सन्तुलन कायम गर्नुपर्छ ।

९. राज्य धर्मको मूलभूत सिद्धान्त

राज्य धर्मको सिद्धान्त वैदिक परम्परामा व्याख्या गरिएको 'राजधर्म' को अवधारणामा आधारित छ, जुन आधुनिक 'असल शासन' (Good Governance) र 'सामाजिक न्याय' (Social Justice) सँग जोडिएको छ । यसको अर्थ राज्य (सत्ता) स्वयंले धर्म (कर्तव्य) को पालना गर्नुपर्छ । राज्यले आफ्नो धर्म पालन गरेपछि नागरिकले आफ्नो-आफ्नो कर्तव्य (स्वधर्म) को पालना गर्न सकून् । राज्यले त्यस्तो वातावरण बनाउनु पर्छ ।

राज्यको दायित्व भनेको आफूले पहिले राजधर्म पालन गरेर यस भूमिमा विकसित हिन्दू, बौद्ध, जैन, किरात बोन आदि सबै धार्मिक परम्पराहरू र संस्कृतिहरूको संरक्षण तथा सम्मान गर्नु हो ।

१०. ब्राह्मण समुदायको कर्तव्य

ब्राह्मणले पालना गर्नुपर्ने धर्म कर्म वा नियमलाई निम्नानुसार बोध गराउन सकिन्छ ।

◆ संस्कारको महत्त्व दर्शाउनुः जीवनका महत्त्वपूर्ण संस्कारहरू र चाडपर्वहरूको वैज्ञानिक र आध्यात्मिक महत्त्व बुझाउनु र तिनको सामूहिक आयोजना गर्नु ।

◆ वैश्विक मञ्चको निर्माणः अनलाइन (सामाजिक सञ्जाल, वेबसाइट, फोरम) र अफलाइन (सम्मेलन, गोष्ठीहरू) मञ्चहरूको निर्माण जहाँ सबै सनातनी वैदिक जनले आफ्ना विचार, अनुभव र ज्ञान साझा गर्न सकून् ।

◆ सामूहिक प्रार्थना/यज्ञः संसारको शान्ति र कल्याणका लागि समय-समयमा सामूहिक प्रार्थनाहरू वा यज्ञहरूको आयोजना गर्नु, चाहे त्यो शारीरिक रूपमा होस् वा अनलाइन ।

◆ वैदिक शिक्षाको प्रसारः वेद, उपनिषद्हरू, गीता र अन्य शास्त्रहरूको शिक्षालाई आधुनिक माध्यमहरू (डिजिटल लाइब्रेरी, अनलाइन कक्षाहरू) मार्फत सुलभ बनाउनु ।

◆ अनुसन्धानलाई बढावाः प्राचीन वैदिक विज्ञान, चिकित्सा (आयुर्वेद), र योगमा आधुनिक अनुसन्धानलाई जोड्न प्रोत्साहित गर्नु र यसका लागि संसाधन जुटाउनु ।

◆ अनलाइन सामग्री निर्माणः विभिन्न भाषाहरूमा उच्च-गुणवत्ता भएको वैदिक/सनातन सामग्री (भिडियो, लेख, पोडकास्ट) को निर्माण र प्रचार गर्नु ।

◆ वैश्विक डेटाबेसः सनातनी मन्दिरहरू, संस्थाहरू, शिक्षकहरू र सक्रिय सङ्गठनहरूको एक वैश्विक डेटाबेस बनाउनु ताकि मानिसहरू सजिलै जोडिन सकून् ।❖

(गत मङ्सिर १२ र १३ मा काठमाडौंमा आयोजित अन्तराष्ट्रिय ब्राह्मण सम्मेलनमा लेखकद्वारा प्रस्तुत गरिएको कार्यपत्रको सम्पादित अंश)

श्रीस्वस्थानी व्रतकथाको समयसापेक्षता

– सहप्रा. डा. विनु बाबा अर्याल

नेपाल अध्यात्म दर्शनको विशिष्ट भूमि हो । यस्तो विशिष्ट भूमिमा सर्वव्यापी परमात्मा श्रीमहादेव शिवले मायारूपी शिवालाई पात्र बनाएर खेलेको कथा नै श्रीस्वस्थानी हो ।

व्रतको शाब्दिक अर्थलाई केलाउँदा– बर्ता (बढी) नगर्नु, संयमित भएर अनुशासनको दायरामा रहेर आफ्नो स्वलाई सम्भेर, आफ्नो स्थानलाई बुझेर गर्नुपर्ने कर्महरू धेरथोर नगरी मध्यम बाटोबाट केलाएर गरिने कर्मलाई अठोटपूर्वक विशेष प्रतिज्ञा गरी नियमितताका साथ गर्नुलाई व्रत भनिन्छ । हिन्दु धर्ममा पालना गर्दैआएका विभिन्न व्रतमध्ये स्वस्थानी व्रत पनि एक विशेष व्रत हो ।

'स्व' आफ्नो स्थायी ठाउँ हो र त्यो सबैले पालना गर्नुपर्दछ । स्वकर्मले, स्वठाउँले, स्वधर्मले, स्वजनले, स्वजातिले, स्वराष्ट्रले, आफ्नो स्वविवेकले गरेका कर्मले सधैं हित हुने गर्दछ । स्वस्थानी व्रतकथाले स्वस्थानको गरिमालाई प्रचूर मात्रामा व्याख्या गर्दछ । आफ्नो स्थानलाई चिन्नु मनन गर्नु नै स्वस्थानी भित्रको गुह्य तत्त्व हो । मनुष्यको आफ्नो स्थान भनेको नै आत्मा हो । मनुष्यको आत्मा एउटा यस्तो वस्तु हो, जो निरन्तर ज्ञान प्राप्त गर्न खोजिरहन्छ । आत्माको भोजन नै ज्ञान हो, यदि हामीले ज्ञानको मूल निर्देशन या संकेतलाई सम्भेर प्रयत्न गर्यौं भने जीवन सजिलैसँग सही दिशातिर लाग्दछ । आत्माका सारा प्रयासहरू हामीलाई पशुबाट मनुष्यतर्फ लगि जीवन निर्माण गराउन तत्पर छन् ।

स्वस्थानी व्रतकथा अनुसार वृद्ध भेषधारी संन्यासी रूप शङ्करले बाबु दक्ष प्रजापतिको दरबारबाट आफ्नी पत्नी सतिदेवीलाई कैलाश पर्वतमा लागि एउटा थोत्रो पुरानो घरभित्र भित्र्याएर उनको शील स्वभाव परीक्षण गर्न चाहे । त्यसको लागि महादेवले घरको भित्ता च्याती कैलाश पर्वतमा लगी कैलाश तथा आफ्नो स्वरूपको दर्शन दिए । यस प्रसङ्गको वास्तविकता विचार गर्दा शङ्करले सतीदेवीलाई ज्ञानको कुरा बताई अज्ञानको भित्ता च्याति दिएका थिए । त्यस्तै मानिसले पृथ्वीमा बनाएका घर अध्यात्मको दृष्टिले घर होइन किनकि त्यो अनित्य छ । त्यस घरलाई त छोड्नु नै पर्दछ । मनुष्यको सच्चा घर त भगवान्मा बास गर्नु नै हो तथा परमात्मामा लाग्नु नै हो भन्ने दिव्य ज्ञान यस तथ्यमा निहित छ । आत्मज्ञान नै शिवको स्वरूपको ज्ञान हो । आद्यशक्तिको आश्रय नलिउन्जेल आत्मज्ञान प्रकाशित हुँदैन । यस्ती स्वस्थानी देवीको व्रत उपासनाबाट व्रतालुको सम्पूर्ण मनोकामना पूर्ण हुने कुरा अठोटका साथ बताइएको छ ।

स्वस्थानी परमेश्वरी र महादेवको उपासना पूजाआराधना आदि तथा महात्मय श्रवणका फल लाभका सम्बन्धमा पद्मपुराण र स्कन्द पुराणमा विस्तृत चर्चा पाइन्छ । पद्मपुराणमा लेखिएको छ–

वर्षे वर्षे व्रतं कुर्यात् स्वस्थानी नामकं शुभम्
एत् व्रत फलमे देवी संख्यातुम् नैव सक्यते ॥
गोशतं च सहसंच परिष्कारविभूषितम् ।
कन्यादानन्नदानांनां वाजीवारणकोटिशः ॥
वस्त्ररत्न महादानं तिलकाञ्चनमेव च ।
राजसूयाश्वमेधाभ्यां यत्फलं समवाप्यते ॥.....................

स्वस्थानी नाउँको शुभ उत्तम व्रत वर्षैपिच्छे लिनुपर्दछ । यस व्रतबाट प्राप्त हुने फल पनि यति नै हुन् भनी गणना अर्थात् सङ्ख्या किटान गर्न सकिँदैन । यसको मतलब यस व्रतको फल अनन्त छन् । कपडा र रत्नले सजाई १०० वा १००० गाई दान, कन्यादान, अन्नदान, करोडौं घोडा र हात्ती दान, कपडा, रत्न, तिल, सुनहरूको महादान तथा राजसूय र अश्वमेध यज्ञबाट जति फल

प्राप्त हुन्छ, हे सुन्दरी ! यी सबै फल यो व्रत गर्नाले पाइन्छ । व्रतहरूको रत्नस्वरूप यो व्रत खासगरी स्त्री जातिले लिनुपर्छ । यो व्रत लिनाले जीवनमा त्रिवर्ग धर्म, धन र भोग मिल्दछ भने मरेपछि उत्तम गति अर्थात् मुक्ति प्राप्त हुन्छ । श्रीस्वस्थानी परमेश्वरीको कथा महात्म्य सुन्नाले मात्र सन्तान नहुनेले सन्तान पाउँछन्, पतिको प्रेम प्यार भेट्दछन् र अश्वमेघ यज्ञ गरेको फल पाउँदछन् ।

श्रीस्वस्थानी परमेश्वरीको उपासनाबाट कैयौँ लाभान्वित भएका उदाहरणहरू छन् । स्कन्दपुराण अनुसार श्रीस्वस्थानी परमेश्वरीकै उपासनाबाट पार्वती स्वयं पनि महादेवलाई पति पाउन र हराएका छोरा कुमारलाई भेट्न सफल हुनुभयो । स्वस्थानी परमेश्वरीकै आराधना र कृपाबाट १२ वर्षसम्म वियोग भएका नागनागिनीहरूको पुनर्मिलन भयो । गोमाको हराएको छोरा नवराजसँग भेट भयो । नवराज लावण्य देशका राजा बने । उनकी रानी चन्द्रावती पाप र रोगबाट मुक्त भइन् ।

स्वस्थानी परमेश्वरी र महादेवको उपासना तथा कथामा कैयौँ शिक्षाप्रद उपयोगी र व्यावहारिक काम कुराहरू छन्, तिनलाई जान्नु बुझ्नु अनुकरण र अनुसरण गरी व्यवहारमा उतार्न र तीबाट फाइदा लिई आध्यात्मिक एवम् भौतिक उन्नति गरी जीवनलाई सुखी खुसी र आनन्दमय बनाउन सक्नुपर्दछ । स्वस्थानी परमेश्वरी तथा महादेवको उपासना व्रत र पूजा तथा कथा श्रवणले इन्द्रियहरूलाई संयमित तथा मनलाई स्थिर र शान्त पार्दछ । पति-पत्नी बीचको सम्बन्धलाई प्रगाढ बनाउन मद्दत गर्दछ । अतः दाम्पत्य जीवन र पारिवारिक जीवन सुखी र खुसी बनाउन तथा गराउन प्रेरणा दिन्छ र मार्गदर्शन गर्दछ ।

स्वस्थानी व्रतकथाले अमर प्रेमको झल्को देखाउँदछ । यो पति-पत्नीको अमर प्रेमको अनुपम कथा हो भन्नु अतियुक्ति हुने छैन । महादेवले दक्ष प्रजापतिबाट ठूलो अपमान सहेर पनि सतिदेवीलाई आफ्नो पत्नी बनाएरै छोड्नुभयो । सतीले पनि महादेवसँगको प्रेममा कुनै कसुर छोड्नु भएन । यस प्रसंगमा दक्षयज्ञको परिणामलाई उदाहरणको रूपमा लिन सकिन्छ । भगवान् शङ्करको तिरस्कारबाट भगवती दक्षायणी यति क्रोधित भइन् कि उनको आफ्नो प्राणलाई दक्षयज्ञमा आहुति गर्दा रूद्रका गणहरू वीरभद्र, महाकाली आदिले दक्षयज्ञलाई विध्वंस नै गरे । यसबाट हामीलाई यो शिक्षा मिल्दछ कि ईश्वरको तिरस्कारबाट शक्तिको नाश हुन्छ । हाम्रो काम बिग्रने मात्र होइन, नष्ट भ्रष्ट पनि हुन पुग्दछ । परमात्माको ज्ञान भगवतीको अनुग्रह अनुकम्पाबाट मात्र प्राप्त हुन्छ ।

सतीदेवीले दक्षको यज्ञमा हामफाली आफ्नो देह त्याग गरेपछि होस् गुमाएका महादेवले सतीदेवीको मृत शरीर (लाश) काँधमा बोकी १०० वर्षसम्म पृथ्वीमा घुम्नु, लाश कुहिएर झरिसक्दा पनि त्यस कुराको ज्ञान नहुनु, ज्ञान भएपछि पनि पत्नी वियोगबाट दुःखी र विरक्त भई उत्तराञ्चलमा गई तपस्यामा लीन हुनु, महादेवको पत्नी प्रेमको ज्वलन्त उदाहरण हो । महादेवलाई सम्झी उहाँको नाम उच्चारण गरेर मात्र यज्ञको अग्नकुण्डमा हाम फाल्नु सतिदेवीको पति प्रेमको अनुपम नमूना हो । दोस्रो जुनीमा पनि सतिको अवतार पार्वतीले महादेवलाई पति पाउन ठूलो दुःख कष्ट गरी तपस्या गर्नुभयो । विवाहपछि महादेव र पार्वतीले कहिले किरात-किरातिनी, कहिले मृग-मृगिणीका भेषमा घुम्नु पनि दाम्पत्य प्रेम र दाम्पत्य मनोरञ्जनका अनुकरणीय उदाहरण हुन् । यस्ता कुरालाई खाली आध्यात्मिक दृष्टिले मात्र हेर्नु स्वस्थानी व्रत कथाका भौतिक कुरालाई नबुझ्नु मात्र हो । प्रस्तुत काम कुराहरू पत्नीलाई दुःख दिने पतिसँग झगडा गर्ने परपुरूषसँग परस्त्रीसँग जाने पुरूष स्त्रीका लागि अनुकरणीय शिक्षा हुन् ।

महादेवले सतीदेवी र पार्वतीको परीक्षा लिन पनि बाँकी राख्नुभएन । भाङ धतुरो खाएर लट्ठिएको बहानामा सतिदेवीलाई गाली गर्ने, अन्य पारिवारिक घटनाहरूमा पार्वतीलाई गाली गर्ने आदि पनि नगरेका होइनन् । तर पार्वतीले नरिसाई संयमित भएर उहाँको सेवा गरी उहाँलाई खुसी पारी ठूलो कष्टद्वारा परीक्षामा सफल भई आदर्श पत्नीको कर्तव्य पूरा गर्नुभयो । प्रस्तुत शिक्षा पनि आजका नारी वर्गका लागि अनुकरणीय र अनुसरणीय हुनाका साथै समय सापेक्ष नै छ । यस स्वस्थानी कथामा महादेवले पार्वतीलाई बाबुआमाले कन्यादान नगरी फेरि पत्नी हुन सक्दिनौ भनी मर्यादा उल्लङ्घन गर्न नहुने कुराको शिक्षा दिनुभएको छ ।

कसैको इच्छा विपरीत काम कुरा गर्न नहुने कुराको शिक्षा पनि आफूले विवाह गर्न चाहेकी तर महादेवसँग

विवाह गर्न चाहना राखी आफ्ना शरणमा परेकी पार्वतीलाई महादेव पति पाउने उपाय बताई विष्णुले र विष्णुलाई दिन चाहने हिमालयले पार्वतीको इच्छा अनुसार उनको विवाह महादेवसँग गरिदिनुभएको छ । प्रस्तुत घटनाहरू पनि छोराछोरीको इच्छा विपरीत उनीहरूको विवाह गरिदिने आमाबाबु र आमाबाबुलाई थाहै नदिई बिहे गर्ने छोराछोरीको लागि शिक्षाप्रद र अनुकरणीय छन् जुन हरेक समयमा हुने सत्यता हो, समय सापेक्षता हो ।

मान्यजनको आज्ञा उल्लङ्घन गर्दा राम्रो नहुने कुरा महादेवले पिता दक्षको अश्वमेध यज्ञमा नजाऊ भन्ने आज्ञा नमानी सतीदेवी गएको र यज्ञ कुण्डमा हामफाली आत्महत्या गर्नुपरेको घटनाले प्रष्ट पार्दछ । स्वस्थानी व्रतकथामा सतीदेवीले मेरो कर्ममा यस्तै लेखेको रहेछ भनी कर्मलाई स्वीकारेकोबाट हाम्रो पूर्वीय धर्मले अगाडिको जन्मको हिसाब किताबबाट आजको जन्मको जीवनले दिने सुखदुखको हिसाब चुक्ता हुन्छ भन्ने मान्यता पनि पाइन्छ; सो हाम्रो समाजमा छ पनि ।

सतीदेवीले महादेवको आज्ञाअनुसार गोबरले भुइँमा लिप्नुभयो भन्ने सन्दर्भबाट गोबरको महत्त्व जनाइएको छ । गोबरले लिपिएको ठाउँमा उभिएर शिवले आफ्नो स्वरूपको दर्शन सतिदेवीलाई दिनुभएकोले गाईको धार्मिक महत्त्व रहेको र त्यस समाजमा गाई गोरू पालेर उनीहरूको महत्त्व सामाजिक व्यवसायमा रहेको पनि प्रष्ट हुन्छ । गाई, गोरू, गोबरको महत्त्व हाम्रो धार्मिक समाजमा प्रशस्त छ । गाईदान, गोबरले चोख्याउने, खेतमा गोरूको प्रयोग आदिको प्रचलनले यसलाई समय सापेक्ष छ भन्न हिच्किचाउनु पर्दैन ।

दक्ष प्रजापतिले विद्वान् सभामा शङ्कर र नन्दिकेश्वरलाई गाली गर्दा नन्दिकेश्वरले पनि रिसाई जथाभावी गाली गरेकोमा नन्दिकेश्वरलाई क्रोध नगर भनी अर्ति दिने शङ्कर अब आफै दक्षसित यसरी रिसाउनु पर्ने थिएन । जब आफ्नो विवेकले दक्ष र दक्ष यज्ञको नष्ट गर्नु उचित छ भन्ने देख्नुभयो, त्यसपछि शङ्करले वीरभद्रद्वारा हमला गराई दक्षको यज्ञ ध्वंस गरी दक्षको बल, मान, कुल, सम्पत्ति आदिको अहंकार नाश गर्नुभयो । वीरभद्रले दक्षको यज्ञ नष्ट गरेपछि दक्ष प्रजापतिलाई पशुतुल्य रहेछु भनी बोध हुन गई दक्षका आँखा खुले तथा आफू पशुतुल्य भएकोमा आफ्नो अज्ञान स्वीकार गरी शङ्कर तथा वीरभद्र छेउ शिर झुकाई प्रणाम गरेकोबाट अहंकारले उन्माद ल्याउँछ, उन्मादले जुनसुकै समयमा जुनसुकैलाई पनि घोप्ट्याउँछ भन्ने शिक्षा पाइन्छ ।

दैनिक जीवन चलाउन आर्थिक श्रोतको मुख्य भूमिका रहेको हुन्छ । यस दृष्टिकोणबाट स्वस्थानी कथालाई हेर्दा नागिनीहरूका पति नागहरू आयआर्जन गर्न बाहिर गएको, नवराजका बाबु शिवशर्मा पनि भिक्षाटन गर्न बाहिर गएको सन्दर्भहरूले त्यस कालमा पुरुषहरू आयआर्जनका लागि घर तथा देश बाहिर जाने गरेको तथ्य प्राप्त हुन्छ । सोही वस्तु स्थिति आज पनि हामी पाउँछौं । तर फरक के छ भने आज पुरुषहरू मात्र होइन नारीहरू पनि आफ्ना आवश्यकताहरूले विश्वका हरेक स्थानहरूमा जाने प्रचलन चलिरहेको छ । स्वस्थानीमा प्रेम विवाह र मागी विवाहको प्रसंग पनि छ । पार्वतीले महादेव पति पाउँ भनी गरेको तपस्याले प्रेम विवाह र नवराज तथा चन्द्रावतीको विवाहले मागी विवाहको संकेत मिल्दछ । सो चलन आजको समाजमा पनि यथावत नै छ ।

स्वस्थानी व्रतकथामा पति शिव र पत्नी सतिदेवी बीच संवाद सहकार्य सहसम्बन्ध रहेको जानकारी प्राप्त हुन्छ । हाम्रो अहिलेको समाजमा पनि स्त्री पुरुषको रखबारी गर्ने मानसम्मान दिने आदिको चलनले गृहस्थीको वातावरण राम्रो पाइन्छ तर अपवादस्वरूप केही गृहस्थीहरूमा भने स्त्री पुरुष बीचको आपसी समझदारीको कमीले गर्दा पारपाचुके समेत हुने गरेको छ । यसको संख्या पनि बढिरहेको छ । यस्तो वातावरणले स्त्री पुरुषमा मात्र होइन सन्तान दर सन्तानहरूमा पनि नराम्रा संस्कारहरूले जरा गाड्दै छन् । तर समयमा नै सचेत भई यस्तो वातावरण सिर्जना हुन दिनुहुँदैन ।

स्वस्थानी व्रतकथामा विभिन्न अध्यायहरूमा समेटिएका घटनाक्रमले के देखाउँछ भने जसले स्वस्थानी माताप्रति श्रद्धा एवम् आराधना गर्दछन्, उनीहरूप्रति माताको त्यस्तै सद्भाव रहने र मनोकामना पूरा भएको तथा जसले स्वस्थानी माताप्रति अनास्था एवम् घृणा भाव राख्दछ, त्यसले निकै विघ्न बाधाहरू बेहोर्नु परेको सन्दर्भहरू प्रशस्त पाइन्छन् । चन्द्रावतीले स्वस्थानी माताको प्रसादप्रति घृणा भाव राख्दा भोग्नु परेको कष्ट पीडाहरूलाई स्वस्थानी

माताको आराधना गरेपछि रानी स्वरूपमा दरबार पुगेको जस्ता प्रसंगले मातारूपी देवीलाई घृणा गर्दा जीवन नर्कमै हुन्छ भने सम्मान आदर गर्दा स्वर्गीय जीवनको भोग मिल्दछ भन्ने प्रसङ्ग पनि समयसान्दर्भिक छ ।

अर्काकी पत्नीलाई ताक्न खोज्दा अर्काले आफ्नी पत्नीलाई पनि ताक्न सक्ने र त्यसरी अर्काकी पत्नीलाई खराब विचार राखी व्यवहार गर्दा आफ्नै विनाश हुने ज्ञान आफूले पार्वतीलाई छल्न खोज्दा विष्णुले आफ्नै पत्नी वृन्दाको सतित्व डगाएको र आफू पनि मारिएको जालन्धरको प्रसङ्गले प्रष्ट पारेको छ । पतिका खराब काम कुराको फल पत्नीले पनि भोग्नुपर्ने र पत्नीका असल काम कुराले पतिलाई पनि बल मिल्ने तथा फाइदा हुने कुराको उदाहरण पनि वृन्दाको कथाबाट मिल्दछ । जुन कुरा समय सापेक्ष हो ।

ठूलाबडा यहाँसम्म स्वयं भगवान्ले पनि आफूले गरेको कुकृत्यको फल भोग्नै पर्दछ भन्ने कुरा स्वस्थानीमा छ । भगवान् विष्णुले पतिव्रता वृन्दालाई छल गरेर उनको सतित्व नष्ट गर्दछन् । पछि वृन्दाले श्राप दिन्छिन्, उक्त श्रापको कारणबाट भगवान् विष्णुले पनि कुश, तुलसी, पिपल र शालग्राम हुनुपरेको घटनाले पुष्टि गरेको छ । प्रस्तुत कुराहरू पनि कम शिक्षाप्रद छैनन् ।

यस स्वस्थानी व्रतकथामा पार्वतीले भन्नुभयो 'मैले बाल्यवस्थादेखि नै श्री महादेवलाई स्वामी पाउँ भनी उहाँकै आराधना गरी बसेकी छु । यदि मेरो बाबा हिमालयले मेरो कन्यादान महादेव बाहेक अन्य कसैसँग गरिदिए भने म आत्महत्या गरी प्राण त्याग्नेछु' भनेकोबाट स्त्रीसँग विवाह बारेको सल्लाह नहुने जसबाट महिलाहरू आत्महत्यातर्फ उन्मुख हुन समेत बाध्य हुने परिवेश सिर्जना भएको छ जुन आज पनि समय सापेक्ष छ ।

स्वस्थानीमा वर्णन गरिएका केही कथाहरूले प्रतिकारात्मक अर्थ ओगटेको छ । गोमाको विवाह प्रसङ्ग त्यस्तै एउटा उदाहरण हो । गोमाको बालविवाह र अनमेल विवाह गरिदिएका कारण उनले जीवनमा पाएको दुःख र कष्टले समाजमा यस्तो अनमेल र बालविवाह नहोस् भन्ने शिक्षा दिएको हुनुपर्दछ । त्यस्तै गोमाको कष्टकर जीवन भोगाइका कथाले मानिसलाई जस्तोसुकै दुःख विपत आइपर्दा पनि धीरतापूर्वक कार्य गर्ने प्रेरणा दिन्छ । यसैगरी जालन्धर र सतीको प्रसङ्गले आद्य शक्तिको पछि लाग्दा जीवनमा अकल्पनीय घटना घट्न सक्ने कुरातर्फ समेत सचेत गराएको पाइन्छ । यो हरेक कालको समयमा स्वीकार्य हुन्छ ।

स्वस्थानीमा उठाइएका केही विवादित कुराहरू छन् भन्ने गरिएको पनि पाइन्छ तर वास्तवमा त्यस्तो होइन । स्वस्थानी परमेश्वरको व्रतकथामा, चढाइएको मध्ये आठ आठ प्रसाद (रोटी लगायत) पति वा छोरा वा मित छोरालाई दिनु । मित छोरा पनि नभए सेलाइदिनु भन्ने प्रसङ्ग आउँछ, यसलाई कतिपयले छोरा छोरी बीचको विभेद भन्ने अर्थ लगाएको पाइन्छ । वास्तवमा यसबाट दुईवटा अर्थ लाग्न सक्छ, एक त छोरीहरू विवाह गरेर अर्काको घर जाने हुनाले आउन नसक्ने सम्भावना हुन्छ । विभिन्न परिस्थितिको बसमा परेका हुन्छन् ।

बाबुआमाको लागि छोराछोरी समान भए तापनि स्वस्थानीकी मूलदेवी नै शक्ति स्वरूपा नारी हुन् । छोरी स्वस्थानी परमेश्वरीकै प्रतिबिम्ब हुन् भन्दै छोरीको हिन्दु धर्ममा उच्च पवित्र स्थान रहिआएको छ । छोरीलाई जगदम्बा परमेश्वरकी प्रतीक कुमारी मानेर पूजाआजा गरेर रथयात्रा आदि गर्ने चलन समाजमा यद्यपि छ । स्वस्थानी व्रतकथा खासगरी स्वस्थानी माताको आराधनासँग सम्बन्धित रहेको र स्थानीय माता आफैँमा स्त्री देवताको बिम्ब रहेको देखिन्छ । स्वस्थानी व्रतकथा पितृसत्तात्मक समाज व्यवस्थाको परिवेश उत्पत्ति भएपनि स्त्री देवताको मूल आराधनामा केन्द्रित भएको देखिन्छ । शिव विष्णु लगायतका पुरुष देवताहरूलाई पनि संकटको बेला महाकालीले सघाएका थुप्रै सन्दर्भहरू भेटिन्छन् ।

स्वस्थानी कथाभित्र राजतन्त्रात्मक शासन व्यवस्था रहेको तथ्य नवराज राजा भएको दृष्टान्तबाट पुष्टि गरिएको छ । आज पनि हामी कतिपय मुलुकमा राजतन्त्रात्मक शासन व्यवस्था पाउँछौं ।

धर्म भनेको अभ्यासको वस्तु हो । सही अभ्यासद्वारा यसको अनुभूति हुन्छ । केवल धर्मग्रन्थको अध्ययन या प्रवचन मात्रले अनुभूति हुन सक्दैन । धर्ममा भित्र पस्दै गएपछि प्रारम्भको अन्धविश्वास जस्तो एकोहोरो विश्वास विवेकपूर्ण विश्वासमा बदलिँदै जान्छ । आफै विवेक विचार पुऱ्याउन कहिले पनि नसक्ने मानिसका लागि शास्त्रमा

एकहोरो श्रद्धा विश्वास पनि आवश्यक हुन्छ । कसैको लागि वैदिक धर्मशास्त्र अन्धविश्वासको विषय हुन सक्दछ तथापि वैदिक धर्मशास्त्र आफैमा अन्धविश्वास र अध्यारो गल्ली भने होइन । धर्मबाट भक्तिको आगमन हुन्छ भक्तिको अर्थ हो भगवान्मा प्रेम राख्नु, भगवान्प्रति अटल विश्वास लिनु जसलाई केही प्रभाव पार्दैन तिनीहरूमा उसलाई वितृष्णा जाग्दछ ऊ जब भगवान्को भक्तिमा अटल भएर लाग्दछ, उसले भगवान् शिवाय केही देख्दैन । त्यस्तो भक्तको सेवा

भगवान्ले गर्नुहुन्छ ।

मानवको जीवनमा सबैभन्दा राम्रो कुरा कुनै छ भने त्यो हो एकाग्रता । सत्यपनको एकाग्रता, वास्तविक मनको एकाग्रता र एकाग्रताको शक्ति सर्वोत्तम शक्ति हो । जसबाट आत्मा पावन बन्छ, आत्माको दर्शन प्राप्त हुन्छ । पाप नगरेका शुद्ध चित्त, शुद्ध आचरण, शुद्ध कर्म गर्नेहरूको स्वच्छ मन नै भगवान्लाई मन पर्दछ । परमात्मामा पूर्ण चित्त दिएर मात्र आत्मबोध हुन्छ । यसरी मनरूपी, पापरूपी जगत्रूपी पापबाट मुक्ति प्राप्त गरेपछि जति हरिको नजदिक गयो त्यति नै समस्याको समाधान हुन्छ ।

भगवान्ले दिएको भएर 'देह' भएको हो । देहभित्र जसले भगवान्लाई देख्दछ त्यो नै स्रष्टा हो । आत्मा त्यो हो जहाँ ज्योति निवास गर्दछ । विषय बन्धनबाट जोगिनु नै जोगी हुनु हो । यसरी अहम् शून्य भई परमात्मामा आफूलाई समर्पण गर्नु आत्मसमर्पण हो । जुन कुरा भक्तिको लागि अत्यावश्यक भएकोले महत्त्वपूर्ण मानिएको छ ।

कुनै पनि तृष्णाको बारेमा अध्ययन गर्नुपर्‍यो भने सर्वप्रथम हामी त्यस विषयको शीर्षकतर्फ ध्यान दिन्छौं । शीर्षकले लेखको विषयवस्तुलाई समेटेको हुन्छ । स्वस्थानी व्रतकथाले त्यही उद्देश्यलाई पूरा गरेको जस्तो देखिन्छ । यो विषय हिजो पनि थियो आज पनि छ र भोलि पनि हुनेछ । अतः स्वस्थानी व्रतकथा समय सापेक्ष छ भन्नुमा कुनै गलत हुँदैन ।

पूर्वीय वैदिक सनातनधर्मावलम्बीहरूले प्राचीनकालदेखि नै आफ्नो धर्म संस्कृति परम्परा रीतिरिवाजहरूको संरक्षण सम्वर्धन गर्न अनेकौं ग्रन्थहरूको रचनाका साथै यस स्वस्थानी व्रतकथाको संरक्षण सम्बर्धन गरेका छन् । यसलाई एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्दैआएकोमा हामीले पनि यसको उद्देश्यलाई चिन्तन मनन गरेर अगाडि बढाएमा मात्र हाम्रो जीवन सुसंस्कारित, सुसंगठित र सार्थक हुन्छ । तर पश्चिमी रहनसहन, वातावरण, विदेशको बसाइले हिन्दु धर्मप्रतिको आक्रमण बढ्दै गएकोले पनि स्वस्थानी व्रतकथाप्रति नयाँ पुस्ताको चासो कम हुन थालेको देखिन्छ । समयानुकूल परिमार्जन गरेर बाबु बाजे बराजुलाई गल्ती देखाएर उनीहरूलाई होच्याएर कोही छोराछोरी नातिनातिनाहरूको सम्मान इज्जत बढ्दैन । तर आफ्नो संस्कृति संस्कारको चुरो कुरोलाई यथावस्थामा समय सापेक्ष बनाउने आधारपट्टि ध्यान दिनुपर्दछ । स्वस्थानी व्रतको कथाको किताब नै बन्द गरेर त्यसको अस्तित्वमा नै कुठाराघात पार्नु भने अवश्य नै हुँदैन ।

हामी वैदिक सनातनीहरूको श्री सम्पत्ति भनेको नै पूर्वजले आफ्नो समयमा दिएका शिक्षा दीक्षा ज्ञान व्यवहार संस्कार संस्कृति नै हो । कुनै पनि समाजको संस्कृति परम्पराले कुनै न कुनै प्रतीकारात्मक अर्थलाई समेटेको हुन्छ । हरेक सांस्कृतिक परिवेश अनुसार हरेक प्रतीकका आआफ्नै अर्थ रहने गरेको देखिन्छ । यसलाई नष्ट गर्नु हाम्रो धर्मकर्म होइन । यी जीवन र जगत्लाई सकारात्मक दिशामा लैजाने बाटोहरू हुन् । स्वस्थानीले हाम्रो धर्म संस्कृतिलाई निरन्तरता दिइरहेको छ भन्नेमा हामीले मनन गर्न सक्नुपर्दछ ।❖

–बत्तीसपुतली, काठमाडौँ

सुगालाई साधुको सन्देश

कपील बञ्जारा

सेठ र उनकी धर्मपत्नी हरेक दिन सत्संगमा जान्थे। सेठले एउटा सुगा पालेका थिए। एक दिन सुगाले सेठसित सोध्यो- सेठजी, तपाईंहरू हरेक दिन कहाँ जानुहुन्छ ? सेठले जवाफ दिए- हामी हरेक दिन साधुमहाराजको सत्संग सुन्न जान्छौं।

सेठजीको जवाफ सुनेपछि सुगाले भन्यो- हजुरहरू सत्संगमा जानुहुन्छ भने कृपया साधुमहाराजसँग म कहिले स्वतन्त्र हुन्छु भनेर पनि सोधिदिनुहोस् न है ? हुन्छ, हामी सोधिदिउँला भनेर उनीहरू सत्संग सुन्न गए। सत्संग समाप्त भयो। सबै श्रोता बाहिरिएपछि सेठजीले सोधे- साधुमहाराज, मैले एउटा सुगा पालेको छु। त्यसले आज एउटा प्रश्न हजुरसामु राखिदिन अनुरोध गरेको छ। ऊ जान्न चाहन्छ कि ऊ कहिले स्वतन्त्र हुनेछ ?

प्रश्न सुन्नासाथ साधु महाराज बेहोस भएर ढले। उनलाई सहयोगीहरूले उठाएर आश्रमको भित्री भागमा लगे। सेठ चुपचाप त्यहाँबाट निस्किए। उनी घर पुग्नासाथ सुगाले सोध्यो- सेठजी, मेरो स्वतन्त्रताबारे साधु महाराजले के भन्नुभयो त ? सेठले भने- तेरो भाग्य नै खोटो रहेछ। प्रश्न सोध्नासाथ साधु महाराज बेहोस भएर ढल्नुभयो। सेठको जवाफ सुनेपछि सुगाले भन्यो- केही छैन सेठजी, मैले बुझें।

अर्को दिन बिहान सेठ र उनकी पत्नी सत्संगका लागि निस्कँदै थिए, त्यति नै खेर सुगा पिँजडामा जानाजान छटपटाउँदै बेहोस भएर ढल्यो। सेठलाई लाग्यो, ला ! सुगा त मर्‍यो कि क्या हो ! उनले सुगालाई पिँजडाबाट बाहिर निकाले। मौका पाउनासाथ सुगा भुर्र उडेर बेपत्ता भयो।

सत्संगमा पुग्नासाथ साधुले सेठसित सोधे- हिजो तपाईं सुगाको बारेमा केही सोध्दै हुनुहुन्थ्यो, अब ऊ कहाँ छ ? सेठले भने- महाराज, आज बिहानै ऊ जानाजान बेहोस भएको नाटक गरेर पिँजडामा लडेको रहेछ। मैले ऊ मरेछ भन्ठानेर बाहिर निकाल्नासाथ ऊ उडेर बेपत्ता भयो। सेठको जवाफ सुनेपछि मुसुक्क मुस्कुराउँदै साधुले भने- हेर्नुहोस् त सेठजी, तपाईं यति धेरै दिनदेखि सत्संग सुनेर पनि अझै सांसारिक मायामोहको पिँजडामा फसिरहनुभएको छ, तर त्यो सुगा भने सत्संगमा नआइकनै पनि मेरो एउटा इसारा बुझेर स्वतन्त्र भयो।❖

-भीमसेनथापा- ४ धावा, गोरखा

सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको

संरक्षणमा हातेमालो गरौं !

पृथ्वी सबैको साझा घर हो। यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं। हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं। जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं। आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं। सेवा नै सबैभन्दा ठूलो धर्म हो। जय गौमाता !

नन्दी सेवा स्थल

मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान

फूल पसल लाइन, वनकाली, सम्पर्क: ९८०८२९७४८५, ९८४१२०४००६

दण्डक्रम पारायण र देवव्रत महेश रेखे

-भागवतश्री न्यौपाने

काशी सदियौँदेखि ज्ञान, तप, साधना र वैदिक स्वाध्यायको केन्द्रका रूपमा प्रतिष्ठित रहिआएको छ । यही पावन भूमिमा अवस्थित रामघाटस्थित वल्लभराम शालिग्राम सांगवेद विद्यालयमा हालै सम्पन्न भएको एउटा दुर्लभ वैदिक अनुष्ठानले सम्पूर्ण वैदिक जगत्को ध्यान आकृष्ट गरेको छ । महाराष्ट्रको अहिल्यानगर निवासी १९ वर्षीय वेदमूर्ति देवव्रत महेश रेखेद्वारा शुक्ल यजुर्वेद, माध्यन्दिन शाखाको दण्डक्रम पारायण सम्पन्न भएको छ । यो सफलता केवल व्यक्तिगत उपलब्धि मात्र होइन, लोपोन्मुख वैदिक पाठ-परम्पराको पुनर्जागरणको प्रतीकसमेत हो ।

काशी र वैदिक परम्पराको निरन्तरता

काशीलाई 'अविमुक्त क्षेत्र' भनिन्छ– जहाँ ज्ञान कहिल्यै नष्ट हुँदैन । यहाँको वैदिक परम्परा पुस्तौँदेखि गुरू-शिष्य परम्परामार्फत जीवित रहँदै आएको छ । यस्तै परम्पराको संरक्षण र संवर्धन गर्ने केन्द्रका रूपमा सांगवेद विद्यालयको ऐतिहासिक योगदान रहेको छ । यही संस्थामा अध्ययनरत देवव्रतमहेश रेखेले २०२५ अक्टोबर २ देखि नोभेम्बर ३० (२०८२ साल असोज १६ देखि मंसिर १४ गते)सम्म लगातार ५० दिनसम्म, दैनिक करिब चार घण्टा एउटै आसनमा बसेर, करिब दुई हजार मन्त्र (लगभग पच्चीस लाख शब्द) पुस्तक नहेरी कण्ठस्थ रूपमा दण्डक्रम पारायण सम्पन्न गरे ।

पाँच वर्षकै उमेरदेखि वैदिक अध्ययनमा प्रवेश गरेका महेश रेखे वेदब्रह्मश्री महेश चन्द्रकान्त रेखेका सुपुत्र हुन् । उनका पिता स्वयं प्रतिष्ठित वैदिक विद्वान् तथा श्रीङ्गेरी पीठअन्तर्गत वेदोपाषक सभाका प्रमुख परीक्षकका रूपमा परिचित छन् । यसरी पारिवारिक, शैक्षिक र आध्यात्मिक वातावरणले देवव्रत महेश रेखेको साधनालाई परिपक्व बनाएको देखिन्छ ।

शुक्ल यजुर्वेद : अनुष्ठानको मेरूदण्ड

शुक्ल यजुर्वेद वैदिक साहित्यको प्रमुख शाखा हो, जसमा यज्ञ, अनुष्ठान, कर्मकाण्ड र विधि-विधानसँग सम्बन्धित मन्त्रहरूको सङ्ग्रह छ । माध्यन्दिन र काण्व शाखामा विभाजित यस वेदका मन्त्रहरू श्रौत र गृह्य दुवै अनुष्ठानको आधार हुन् । अग्निहोत्र, दर्शपूर्णमास, सोमयाग, राजसूय, वाजपेय, अश्वमेधजस्ता महायज्ञदेखि सन्ध्यावन्दन, उपनयन, विवाह, श्राद्ध आदि संस्कारसम्मका मन्त्रहरू यही वेदबाट सञ्चालित हुन्छन् ।

वैदिक दृष्टिमा मन्त्र केवल अर्थयुक्त शब्द मात्र होइन, चेतन ध्वनि हो । ऋग्वेदको उद्घोष अग्निमीले पुरोहितं यज्ञस्य देवमृत्विजम् । होतारं रत्नधातमम् बाटै मन्त्रलाई ब्रह्माण्डीय कम्पनको रूपमा बुझिएको छ । यास्काचार्यले मन्त्रः मननात् त्रायते भन्दै मन्त्रको ध्वनिले चित्तको संरक्षण गर्ने सिद्धान्त प्रतिपादन गरेका छन् । यसैले वैदिक परम्परामा मन्त्रको शुद्ध उच्चारण, स्वर-निष्ठा र पाठ-क्रमलाई अत्यन्त महत्त्व दिइन्छ ।

वेदपाठ पद्धति र दण्डक्रमको स्थान

वेदहरूमा मन्त्रको स्वरूप मूलतः अर्थप्रधान नभई ध्वनि-रूप मानिएको छ । ऋग्वेदको पहिलो ऋचा– अग्निमीकके पुरोहितं (ऋग्वेद १।१।१)– मै ऋषिले मन्त्रलाई चेतनाको कम्पनका रूपमा उद्घाटित गरेका छन् । यसै सन्दर्भमा यास्काचार्यले निरूक्त (१।२) मा मन्त्रको परिभाषा दिँदै भन्छन्– "मन्त्रः मननात् त्रायते" अर्थात् मन्त्रले ध्वनिमार्फत चित्तको संरक्षण र शुद्धि गर्दछ ।

सामवेदमा "ऋचः सामानि जायन्ते" भन्ने विधानद्वारा ऋग्वैदिक मन्त्रहरूलाई स्वर-आवृत्तिमार्फत साम (अनुनाद) मा रूपान्तरण गर्ने प्रक्रिया संकेत गरिएको छ । यसले वैदिक परम्परामा मन्त्रको मूल शक्ति ध्वनिमा निहित रहेको र स्वर, लय तथा आवृत्तिले मन्त्र-चैतन्यलाई जागृत गराउने

तथ्यलाई स्पष्ट गर्दछ ।

यही ध्वनि-केन्द्रित दृष्टिकोणका आधारमा वैदिक पाठ-पद्धतिहरू विकसित भएका हुन् । क्रमपाठ, जटापाठ, दण्डक्रम आदि केवल पाठ-विधि मात्र नभई ध्वनि-अनुशासनका वैज्ञानिक उपकरणहरू हुन्, जसले मन्त्रको शुद्धता, संरक्षण र ऊर्जा-संवर्धन सुनिश्चित गर्छन् ।

वेदपाठ पद्धतिहरूका मुख्यतः दुई उद्देश्य देखिन्छन् । पहिलो, वैदिक मन्त्रहरूको स्वर, क्रम र पाठ् यरूपमा अक्षुण्ण संरक्षण गर्नु; दोस्रो, मन्त्र-ध्वनिलाई विशिष्ट संरचनामा पुनःआवृत्त गर्दै त्यसको ऊर्जा र प्रभावलाई बहुगुणित गर्नु ।

शौनकाचार्यले ऋक्प्रातिशाख्य (१।२०) मा "स्वरितानुदात्तयोः स्वरनिष्ठा पाठः" भनी प्रत्येक पाठ-विधिको मूल उद्देश्य स्वर-निष्ठा हो भनेर स्पष्ट उल्लेख गरेका छन् । मन्त्रहरू जब निश्चित पुनरावृत्ति-क्रममा उच्चारण गरिन्छन्, तब स्मरणशक्ति तीव्र हुन्छ, ध्वनि दीर्घकालसम्म सुरक्षित रहन्छ र मन्त्रको कम्पन-शक्ति क्रमशः प्रबल बन्दै जान्छ । यही सिद्धान्तका आधारमा पदपाठ, क्रमपाठ, त्रिकपाठ, रथपाठ, जटापाठ, घनपाठ तथा दण्डक्रमजस्ता विविध पाठ-पद्धतिहरू विकसित भएका हुन् । यी सबै विधिहरूमध्ये दण्डक्रम पाठ सबैभन्दा जटिल, गूढ र उन्नत मानिन्छ, जसले वैदिक ध्वनि-परम्पराको चरम साधनात्मक स्वरूपलाई प्रतिनिधित्व गर्छ ।

दण्डक्रम पारायण के हो ?

दण्डक्रम पाठ वैदिक ध्वनि-संरचनाको अत्यन्त गूढ विज्ञान हो । यसमा ध्वनि-आवर्तनद्वारा चैतन्य-वृद्धि, स्मरण-संरचनाको परिष्कार, मन्त्रोच्चारणको शुद्धता परीक्षण, मानसिक एकाग्रता, चित्त-संस्कार तथा सूक्ष्म ऊर्जा-विधानमा विशेष जोड दिइन्छ । दण्डक्रम पारायण केवल पाठ अभ्यास नभई एक गहन साधनात्मक प्रक्रिया हो ।

शुक्ल यजुर्वेदका मन्त्रहरू विभिन्न जटिल पाठ-विधिबाट पाठ गरिन्छन्, जसलाई विकृति पाठ भनिन्छ । यी विधिहरूले मन्त्रको सही उच्चारण, अक्षुण्ण संरक्षण र गहिरो बोध विकास गर्न सहयोग पुऱ्याउँछन् । सामान्यतः वाक्यपाठ, पदपाठ, क्रमपाठ, जटापाठ, माला, शिखा, रेखा, ध्वज, रथ र घनपाठ गरी ११ प्रकारका पाठ-पद्धति उल्लेख गरिन्छन्, जसमा दण्डपाठ (दण्डक्रम) सबैभन्दा जटिल मानिन्छ ।

यीमध्ये वाक्य, पद र क्रमपाठलाई प्राकृति (आधार भूत) पाठ मानिन्छ भने जटादेखि घनसम्मका विधिहरू विकृति पाठ अन्तर्गत पर्छन्, जसको उद्देश्य स्मृति-संरक्षण र मन्त्र-शक्तिको सुदृढीकरण हो । दण्डक्रम पारायण यिनै विकृति पाठहरूमध्ये एक अत्यन्त गूढ, दार्शनिक तथा मन्त्र-ऊर्जा-वर्धक पद्धति हो । यो वेद-पारायणको दुर्लभ र अत्यन्त कठिन विधा हो, जसमा मन्त्रहरू व्युत्क्रम (उल्टो-सीधा), उच्चारण-सन्धि र वैदिक विन्यासको आधारमा वाक्य संरचना नबिगारी कण्ठस्थ रूपमा दोहोऱ्याइन्छन् । मूल मन्त्रमा एक पद पनि त्रुटिपूर्ण भए सम्पूर्ण ध्वनि-श्रृङ्खला भङ्ग हुने भएकाले गल्ती तुरुन्त पहिचान हुन्छ ।

दण्डक्रम एक क्रमविस्तार पद्धति हो, जसमा प्रत्येक मन्त्र वा ऋचाका पदहरू दण्डरूपमा अगाडि-पछाडि आवृत्त गरिन्छन् । यस्ता वैदिक पाठ-परम्पराहरू उच्चारणका नियममा मात्र सीमित नभई ध्वनि-तरङ्ग, अनुनाद, स्मरण-संरचना र मन्त्र-चैतन्य संरक्षणका वैज्ञानिक विधिहरू हुन् । क्रमपाठ, जटापाठ, घनपाठ वा रथक्रमजस्तै दण्डक्रम पनि एक विशिष्ट ध्वनि-क्रम हो, जसको उद्देश्य मन्त्र-शक्तिको एकाग्रता, संधारण र साधकको चित्तमा विशेष प्रभाव उत्पन्न गर्नु हो ।

शास्त्रमा दण्डक्रमको स्वरूप यसरी वर्णन गरिएको छ—

"क्रममुक्त्वा विपर्यस्य पुनश्च क्रममुत्तमम्।
अर्द्धर्चादेव मुक्तोयं क्रमदण्डोऽभिधीयते ॥"

अर्थात् क्रमपाठपछि व्युत्क्रम हुँदै पुनः क्रमपाठ गरिन्छ र आधा ऋचासम्म यसरी पद-पद मिलाएर पाठ गर्ने विधिलाई क्रमदण्ड (दण्डक्रम) भनिन्छ । दण्डक्रम पारायणका मुख्य तत्त्वहरूमध्ये पहिलो हो ध्वनि-ऊर्जाको आरोहण र अपरोहण । यस विधिमा पद-वृद्धिपछि पुनः पद-क्षय हुन्छ, जसबाट बढ्दो (आरोहण) र घट्दो (अपरोहण) दुई प्रकारका कम्पन उत्पन्न हुन्छन् । सामवेदमा आरोहणलाई प्राणवर्धक र अपरोहणलाई चित्त-निग्रहकारी बताइएको छ । यसर्थ दण्डक्रम प्राण-चित्त समन्वयको साधन हो ।

भर्तृहरिको स्फोटवादअनुसार "शब्दस्य स्फुटनं स्फोटः" (वाक्यपदीय १।१८)—ध्वनि-आवृत्तिबाट अर्थ प्रकट

हुन्छ । दण्डक्रममा प्रत्येक पद पुनःपुनः आवृत्त हुने भएकाले मन्त्रार्थ चित्तमा गहिरो रूपमा स्थापित हुन्छ। तैत्तिरीय शिक्षाको सूत्र "अनुपूर्व्या स्मरणं भवति" ले क्रमबद्ध पाठले स्मरण स्थायी बनाउने बताउँछ । मन्त्रको विस्तार र संकुचनयुक्त संरचनालाई आधुनिक संज्ञान-विज्ञानले 'Expanding Contracting Memory Cycle' भन्छ ।

योगसूत्र (१।२७) को "तस्य वाचकः प्रणवः" अनुसार ध्वनिले चित्तलाई एक बिन्दुमा स्थिर गर्छ । दण्डक्रममा साधक बारम्बार मूल पदमा फर्कने भएकाले यो एक प्रकारको ध्यान-चक्र बन्छ । अथर्ववेदको "यत्र मन्त्राः पुनरुक्ता तत्र देवाः स्थिरा भवन्ति" भन्ने वचनले दण्डक्रमले देवता-चैतन्य स्थिरीकरण गर्ने रहस्य पनि उद्घाटित गर्छ ।

शास्त्रीय रूपमा दण्डक्रमलाई दण्ड (सरल रेखा) जस्तै मानिन्छ । "पदानामेकैकशो वृद्धिः क्रमो दण्ड इति स्मृतः" अर्थात् पदहरूको क्रमशः वृद्धिलाई दण्ड भनिन्छ । यसरी दण्डक्रम एक विकासात्मक ध्वनि-रचना हो, जसमा मन्त्रका सबै पदहरू पूर्ण रूपमा आवर्तित हुन्छन् ।

उदाहरणस्वरूप–

"ओषधयः सम्। समोषधयः।"

ओषधयः सम्। सं वदन्ते। वदन्ते समोषधयः।

– ओषधयः सम्। सं वदन्ते। वदन्ते सोमेन। सोमेन वदन्ते समोषधयः।

– ओषधयः सम्। सं वदन्ते। वदन्ते सोमेन। सोमेन सह। सह सोमेन वदन्ते समोषधयः।

– ओषधयः सम्। सं वदन्ते। वदन्ते सोमेन। सोमेन सह। सह राज्ञा। राज्ञा सह सोमेन वदन्ते समोषधयः।

यसैगरी उत्तरपद क्रम- यस्मै कृणोति। कृणोति यस्मै।

– यस्मै कृणोति। कृणोति ब्राह्मणः। ब्राह्मणः कृणोति यस्मै।

– यस्मै कृणोति। कृणोति ब्राह्मणः। ब्राह्मणस्तम्। तं ब्राह्मणः कृणोति यस्मै।

– यस्मै कृणोति। कृणोति ब्राह्मणः। ब्राह्मणस्तम्। तं राजन्। राजंस्तं ब्राह्मणः कृणोति यस्मै।

– यस्मै कृणोति कृणोति ब्राह्मणः। ब्राह्मणस्तम्। तं राजन्। राजन् पारयामसि। पारयामसि राजंस्तं ब्रह्मणः कृणोति यस्मै।

– यस्मै कृणोति। कृणोति ब्रह्मणः। ब्राह्मणस्तम्। तं राजन्। राजन् पारयामसि। पारयामसोति पारयामसि॥

दण्डक्रमको प्रक्रिया केवल विस्तार-संकुचन मात्र होइन, यो एक त्रिदोषीय संरचना हो, जसमा धातु-वृद्धि, धातु-सञ्चालन र धातु-निर्वर्तन लगातार हुन्छ। ऋक्प्रातिशाख्यमा "वृद्धिः, अनुवृद्धिः, निवृत्तिः" भनेर दण्डक्रमकै मूल तत्त्वहरू संकेत गरेको छ । जस्तो यदि मन्त्रका ल पद भए भने दण्डण्क्रमद्वारा कुल (२* पद-१) ध्वनि-स्तर उत्पन्न हुन्छन्, जसले मन्त्र-ध्वनिलाई पूर्ण समरूपता प्रदान गर्छ । यदि पद = ४ हुँदा तब आवृत्तिहरू = (२*४-१) = ७ स्तरका हुन्छन् । यही कारणले दण्डक्रमलाई सप्त-स्तरीय ध्वनि-चक्र पनि भनिन्छ ।

वेद, उपनिषद् र प्रातिशाख्यमा दण्डक्रम

दण्डक्रम पारायण केवल ध्वनिको अभ्यास मात्र नभई साधकका लागि एक गहन आन्तरिक तप-तन्त्र हो । यसको पहिलो आध्यात्मिक प्रयोजन मन्त्र-तत्त्वको प्रत्यक्ष अनुभूति गर्नु हो । उपनिषद्ले "स्वरस्य स्वरूपज्ञानं मोक्षः" (छान्दोग्य ७।२६।१) भनी स्वरको सत्य स्वरूपको ज्ञानलाई मोक्षमार्गका रूपमा स्वीकार गरेको छ, र दण्डक्रम पारायणले यही स्वर-ज्ञानको विकास गराउँछ ।

संस्कृत परम्परामा दण्ड मुद्रालाई नाडी-शोधनको साधनसमेत मानिन्छ। दण्डक्रम पाठमा हुने दीर्घ उच्चारण, तेजस्वी आवर्तन र लयात्मक चक्रले साधकको नाडी-तन्त्र शुद्ध गरी प्राण-प्रवाहलाई सन्तुलित बनाउँछ। अथर्ववेदका अनुसार दण्डक्रम पाठले मन्त्र-देवताहरूको आवाहन र स्थिरीकरण हुन्छ । ऋषिहरूले यसलाई देवता-आवाहनको शक्तिलाई दीर्घकालसम्म स्थिर बनाउने उपाय मानेका छन् ।

यस पाठको साधनाले मनोवैज्ञानिक स्थिरता र प्रज्ञा-विकास पनि हुन्छ। यसको प्रभावले मनको शुद्धिकरण, एकाग्रताको वृद्धि, वासनाको क्षय, प्रज्ञाको उदय तथा कण्ठचक्र र आज्ञाचक्र सक्रिय हुन्छन्। ध्यानशास्त्रमा यस प्रक्रियालाई 'लाइनर साइकल मन्त्र मेडिटेशन' भनेर पनि व्याख्या गरिएको छ ।

वेद तथा प्रातिशाख्य ग्रन्थहरूमा दण्डक्रमको तात्त्विक पृष्ठभूमि पुष्टि गर्ने प्रशस्त प्रमाणहरू पाइन्छन् । ऋग्वेदले मन्त्र-संरचनाको सूक्ष्म संकेत गर्दै "ऋचो अक्षरे परमे … विदुस्त इमे समासते" (ऋग्वेद १।१६४।३९) भनी ध्वनि-ऊर्जाको आरोह-अवरोहको सिद्धान्तलाई समर्थन गरेको

छ । सामवेदमा "आरोहः प्राणवर्धनः, अवरोहणं चित्तनिग्रहाय" भनी आरोहण-अवरोहणको महत्त्व स्पष्ट गरिएको छ भने अथर्ववेदमा "यत्र मन्त्राः पुनरुक्ता तत्र देवाः स्थिरा भवन्ति" (१९।९।११) भन्ने उल्लेख पाइन्छ । यसैगरी तैत्तिरीय शिक्षामा "अनुपूर्व्या स्मरणं भवति" र ऋक्प्रातिशाख्यमा "पदानामेकैकशो वृद्धिः क्रमो दण्ड इति" भनी दण्डक्रमको आधार स्पष्ट गरिएको छ ।

यी सबै प्रमाणहरूले दण्डक्रम पारायण एक शास्त्रीय, संहितागत तथा वैज्ञानिक रूपमा प्रमाणित पद्धति हो भन्ने तथ्य उजागर गर्छन् । वेदका अन्य पाठ-विधिहरूको तुलनामा दण्डक्रम अत्यन्त गूढ मानिन्छ । यसले मन्त्रको ध्वनि-शक्तिलाई पूर्णरूपमा परिपक्व बनाउने क्षमता राख्छ, जुन अन्य पाठ-पद्धतिहरूमा पाइँदैन । यसको द्विचक्रिय (आरोह-अवरोह) संरचनाले साधकको चित्त-स्थिति—विशेषतः अनाहत, विशुद्ध र आज्ञा चक्रमा—गहिरो प्रभाव पार्छ । साथै, यसले मन्त्र-देवताका दीर्घस्थायी आवाहन गर्दछ, जुन यज्ञ-अनुष्ठानका लागि अत्यन्त प्रभावकारी मानिन्छ । स्मृति-संरक्षण, पाठ-शुद्धि र मन्त्रार्थको स्वतः प्रकटीकरण (मन्त्र-स्फोट) दण्डक्रमका विशिष्ट उपलब्धि हुन् ।

यिनै कारणले प्राचीन कालमा दण्डक्रम पारायण केवल ऋत्विज, आचार्य तथा निष्ठावान ब्रह्मचारीहरूलाई मात्र प्रदान गरिन्थ्यो र साधारण विद्यार्थीहरूलाई सीमित रूपमा सिकाइन्थ्यो । वर्तमान समयमा देवव्रत महेश रेखेले यस दुर्लभ साधनाको निरन्तरता कायम राख्दै वैदिक परम्पराको गौरव पुनः स्थापित गरेका छन् ।

दण्डक्रम पारायणको प्रयोग विशेषतः दीक्षा, दीर्घ अनुष्ठान, यज्ञ तथा अग्नि, रूद्री र गायत्रीको विशेष उपासनामा गरिन्छ । गायत्री तन्त्रमा भनिएको छ— "दण्डक्रमेण यः पाठं करोति तस्य मन्त्रदेवता स्वयमेव प्रकटते" अर्थात् दण्डक्रम पारायण गर्ने साधकमा मन्त्र-देवताको कृपा शीघ्र प्रकट हुन्छ ।

महेश रेखेको साधना : परम्पराको पुनर्जागरण

वर्तमान समयमा दण्डक्रम पारायण जस्तो कठिन साधनामा प्रवृत्त हुनु आफैँमा दुर्लभ कुरा हो । करिब दुई सय वर्षपछि पुनः यस स्तरको दण्डक्रम पारायण सम्पन्न हुनु वैदिक इतिहासको महत्त्वपूर्ण घटना मानिन्छ । श्रीङ्गेरी मठको अभिलेखअनुसार लिखित इतिहासमा यस्ता उदाहरण अत्यन्त न्यून छन् । महेश रेखेको यस साधनाले गुरू-शिष्य परम्पराको जीवित प्रमाण प्रस्तुत गरेको छ ।

काशी जस्तो पवित्र नगरीमा सम्पन्न यो अनुष्ठानले वैदिक स्वाध्यायको गौरवलाई थप उजागर गरेको छ । यो केवल एक व्यक्तिको उपलब्धि नभई सम्पूर्ण सनातन संस्कृतिको विजय हो । लोपोन्मुख पाठ-परम्परालाई पुनर्जीवित गर्दै यसले भावी पुस्तालाई वैदिक अध्ययनतर्फ प्रेरित गर्ने अपेक्षा गरिएको छ ।

दण्डक्रम पारायण पाठ-पद्धति मात्र होइन; यो मन्त्र-चैतन्यलाई पूर्ण ध्वनि-चक्रमा प्रतिष्ठित गर्ने एक दिव्य साधना हो । वैज्ञानिक, आध्यात्मिक र दार्शनिक दृष्टिले समृद्ध यस विधिले मन्त्रलाई सूक्ष्म शरीर प्रदान गर्छ—त्यस्तो शरीर, जसले देवता-चैतन्य धारण गर्न सक्छ । देवव्रत महेश रेखेद्वारा सम्पन्न दण्डक्रम पारायणले वैदिक ध्वनि-विज्ञानको महानतम उपलब्धिलाई पुनः स्मरण गराएको छ साथै सनातन परम्पराको संरक्षण र संवर्धनमा यो साधना एक प्रेरणादायी कोशेढुङ्गा साबित भएको छ । यो उपलब्धिबाट भारतीय मात्र नभई नेपाली तथा सम्पूर्ण हिन्दु धर्मावलम्बीहरूको शिर उच्च रहेको छ ।❖

-सेतोपुल, काठमाडौं

त्रिपुरासुन्दरी भगवती माईको यात्रा

अर्जुन लामिछाने

नेपालका प्रदेश, अञ्चल, जिल्ला, नगर तथा गाउँपालिकाको नामाकरण गर्दा ऐतिहासिक स्थल, ऐतिहासिक व्यक्तित्व, देवी, देवता, मठमन्दिर तथा हिमाल, पहाड, नदी आदिका नामलाई आधार लिएको पाइन्छ । स्थानीय स्तरमा हेर्दा स्थानीय रूपमा प्रसिद्ध देवी देवताका नामबाट विभिन्न पालिकाको नामाकरण गरिएको देखिन्छ । धादिङ जिल्लाको अत्यन्त प्रसिद्ध देवी त्रिपुरासुन्दरी (जनबोलीमा सल्यानकोट भगवती पनि भन्ने गरिन्छ)को नामबाट यस जिल्लाको एउटा गाउँपालिकाको नाम नै त्रिपुरासुन्दरी गाउँपालिका राखिएको छ । साविकका सल्यानटार, मुलपानी, आगिन्चोक, सल्यानकोट र त्रिपुरासुन्दरी गरी जम्मा पाँच गा.वि.स. एकीकृत गरी त्रिपुरेश्वर गाउँपालिका गठन गरिएको हो । माता त्रिपुरासुन्दरीको आशीर्वादले राजा पृथ्वीनारायण शाहले नेपाल एकीकरणमा सफलता प्राप्त गर्नुभएको र एकीकरण सफल भएपछि उहाँले देवीलाई खड्ग प्रदान गर्नुभएको जुन खड्ग अहिले पनि मन्दिरमा सुरक्षित रहेको बुढापाकाहरूको भनाइ छ ।

शक्ति स्वरूपमा माता त्रिपुरासुन्दरीलाई सनातन धर्ममा ठूलो आस्था र श्रद्धाको साथ पुजिन्छ । भगवान् श्रीपशुपतिनाथको शिवलिङ्गको शिरोभागमा समेत श्रीयन्त्रमय त्रिपुरासुन्दरी बनाई पूजा अर्चना गरिने परम्परा छ । खोज अनुसन्धान गर्दै जाने हो भने नेपालका धेरै स्थलहरूमा माता त्रिपुरासुन्दरीको मन्दिर पाइन्छ । धादिङ सहित सिन्धुपाल्चोक र डोल्पामा गरी ३ जिल्लामा त्रिपुरासुन्दरी देवीको नाममा गाउँपालिका नामाकरण नै गरिएको छ ।

धादिङ सदरमुकामबाट करिव ३० किलोमिटर उत्तर पश्चिममा पर्ने हालको त्रिपुरासुन्दरी गाउँपालिका (साविक सल्यानकोट गाविस)मा त्रिपुरासुन्दरी माता विराजमान हुनुहुन्छ । यहाँकी त्रिपुरासुन्दरी माता नै यस्ती देवी हुनुहुन्छ जो हरेक वर्षमा ३ पटक तीन वटा मन्दिरमा विराजमान हुनुहुन्छ । उहाँलाई विराजमान गराइने मन्दिरलाई पनि क्रमशः उहाँको घर, माइती र मावलीको नामले चिनिने गर्दछ । घर र मावली सल्यानकोटमा नै आम्ने साम्ने रहेको छ भने माइती सल्यानकोटबाट करिव अढाई घण्टाको पैदल बाटोको दुरीमा आँखुखोलाको समीपमा बेसीमा रहेको छ ।

मातालाई हरेक वर्षको मङ्सिर महिनामा साइत जुराएर सल्यानकोटबाट बेसी माइतीमा सवारी गराउने जात्रा नै वास्तवमा सल्यानवेसी जात्राको नामले प्रसिद्ध छ । देवीलाई बेसीमा लगिएपछि करिव तीन महिना त्यहींको मन्दिरमा विराजमान गराइन्छ भने चैत्र शुक्लपक्षको नवरात्र शुरूहुनुभन्दा केही दिन पूर्व पुनः साइत जुराएर सल्यानकोट सवारी गराइन्छ । विशेष गरेर आश्विन शुक्लपक्षको नवरात्र र चैत्र शुक्लपक्षको नवरात्रमा भने देवीलाई मामाघरमा विराजमान गराइने चलन छ ।

यस वर्ष गत मङ्सिर ७ गते सल्यानकोट भगवती माइको यात्राको साइत जुरेको रहेछ । करिव एक साता अगाडि मैले भगवती माईको यात्राको बारेमा जानकारी पाएँ । माताको सवारी यात्रामा सहभागी हुने मेरो भित्री इच्छा जागेर आयो । हुन त मेरो जन्मस्थान गोरखा जिल्लाको साविक धावा गाविस सल्यानकोट भगवतीको मन्दिरबाट करिव ३ घण्टाको दुरीमा मात्रै थियो तर पनि यस वर्षसम्म मैले माताको माइती सवारी यात्रामा सहभागी हुने अवसर पाएको थिइन, यद्यापि देवीलाई वेसीमा सवारी गराउँदाको भव्य दृष्य भने करिव ४ वर्ष अगाडि एकपटक अवलोकन गरेको थिएँ ।

सोधखोज गर्दै जाँदा तिमल्सिनाहरूले रिजर्भ गर्नुभएको एउटा बस ६ गते विहानै माछापोखरीबाट सल्यानकोटको निम्ति छुट्ने कुरा सोही मन्दिरका पुजारी परिवार मध्येका प्रदीप तिमल्सिनाबाट जानकारी पाए । उहाँले जानकी अधिकारी (तिमल्सिनाको सम्पर्क नम्वर दिनुभयो र उनै बहिनीको जानकारी बमोजिम ६ गते विहान करिव साढे पाँच बजे म वनस्थली, ढुङ्गेधारा पुगेर

रिजर्भ गाडी भेटाउन सफल भएँ । हाम्रो यात्रा निर्धारित समयभन्दा केही ढिला शुरू भयो, बाटोबाट अन्य यात्रुलाई पनि चढाउँदै लैजानु पर्ने रहेछ, गुर्जुधारा पुग्दासम्म गाडीको गति सीमित नै थियो । त्यसपछि बसको गति निकै रफ्तारमा बढ्यो ।

बाटामा खासै धेरै अवरोध या जाम थिएन । फुर्केखोला पुगेपछि हाम्रो यात्रा धादिङबेसीतर्फ मोडियो । बुङ्चुङ खोलाको पुल कटेर केही अगाडि बढेपछि बैरेनीमा पुगेर हामी केहीबेर रोकियौं । करिव एक दर्जन तिमल्सिना बन्धुहरू त्यही बसको प्रतीक्षामा रहेछन्, सोही स्थानमा हाम्रो निम्ति नास्ता एवम् चियाको व्यवस्था गरिएको रहेछ । उहाँहरूको आतिथ्यलाई स्वीकार गरी यथायोग्य भोजन गरेर करिव साढे नौ बजे हामी धादिङ सदरमुकामतर्फ अगाडि बढ्यौं । बसको सिट क्षमताभन्दा झण्डै एक दर्जन व्यक्ति बढी सवार भएकाले बसको गति पुनः सीमित भयो । हामी धादिङबेसी बजारलाई वायाँ पार्दै सिधैं सल्यानकोटको निम्ति अगाडि बढ्यौं ।

करिव २८ किलोमिटरको दुरी पार गरी आँखुखोलाको पुल तरेर ह्यापिङ खोलानजिकै पुगेपछि मूल सडक छोडेर हाम्रो यात्रा उत्तरतर्फ मोडियो । त्यहाँबाट करिव आधा किलोमिटर कच्चा रोडको यात्रा पार गरेपछि गोलाङतर्फ उकालो लाग्ने सडक पीच गरेको रहेछ । त्यहाँ जनाइएअनुसार आगिञ्चोकसम्मको दुरी जम्मा ७ किलोमिटर रहेछ, हाम्रो यात्रा त्यतैतर्फ मोडियो । आगिञ्चोकको डाडासम्म पुरै पिच बाटो रहेछ । आगिञ्चोकबाट सल्यानकोटतर्फ अगाडि बढेपछि भने कच्चा सडक रहेछ । त्यहाँबाट करिव आधा घण्टाको यात्रा तय गरिसकेपछि हामी करिव १२ बजे, गाडीको अन्तिम गन्तव्य पुगेर तिमल्सिना बन्धु समाजले तयार गरेको नास्ता (अल्पाहार) ग्रहण गरी सल्यानकोट भगवतीको समीप पुग्न सफल भयौं ।

सल्यानकोट भगवतीको मन्दिर रहेको स्थान वातावरणीय दृष्टिकोणले पनि अत्यन्तै मनमोहक र उत्तरमा सेता हिमाल सहित चारैतर्फ अग्ला अग्ला पहाड, पूर्वतर्फ नागवेली पर्दै बहेकी नेत्रावती (आँखुखोला)को मनोरम दृष्यले जो कोहीको पनि मन लोभ्याउने रहेछ । डाँडाको टाकुरो त्यसमा पनि 'भ्युटावर' निर्माण गरिएको रहेछ, निकै वेर त्यहाँको प्राकृतिक वातावरणको अवलोकनमा समय बित्यो । केही समयको त्यो दृष्यावलोकनले मनै चङ्गा भयो ।

केही बेरमा नै सोही प्राङ्गणमा तिमल्सिना बन्धुहरूको साधारण सभा विविवत् रूपमा शुभारम्भ हुनै लागेको थियो तर म भने भगवती माताको मन्दिर दर्शन र परिक्रमा गर्न मुल मन्दिर (देवीको घर)तर्फ लागें । पञ्चेबाजा बजिरहेको थियो, कतिपय भक्तजन नाचगानमा नै व्यस्त थिए भने कतिपय दीप प्रज्वलन, दर्शन, पुजनमा लागेका देखिन्थे । म पनि छिंडीबाट केही सिंढी चढेर मन्दिर प्रवेश गरें, अर्चकसँग टीका ग्रहण गरेर बाहिर केहीबेर दिदीबहिनीहरूको पञ्चेबाजाको मनोरञ्जन लिइ पुनः साधारणसभा भएको स्थलतर्फ फर्किएँ ।

मन्तव्यको क्रम चल्दै रहेछ, त्यसपछि बन्द सत्र शुरूभयो र विदुर तिमल्सिनाको नेतृत्वमा १७ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन पनि भयो । कार्यक्रमको उत्तरार्धमा सल्यानकोट खैजेडी भजनको एउटा प्रस्तुति पनि थियो भने अन्त्यमा नयाँ पदाधिकारीको सपथग्रहणसँगै साधारणसभा समापन भयो ।

साधारण सभा समापन हुँदा साँझ पर्नै लागेको थियो, सूर्यास्तको मनमोहक दृष्यले जो कोहीको ध्यान खिचेको आभास हुन्थ्यो । मेरो बालसखा जानुका तिमल्सिना

पोखेल त्यसै क्षेत्रकी बासिन्दा हुनुहुन्छ । उहाँसँग दिउसै भेटघाट गरेर आपसमा भलाकुसारी र तस्विर खिच्ने कार्य भइनै सकेको थियो । त्यसैले साँझको बसाइ उहाँकैमा हुनेमा विस्वस्त थिएँ । सूर्यास्तपछि साधारण सभामा सहभागी भएका तिमल्सिना बन्धुहरूकै साथमा म पनि मन्दिरबाट तल गाउँतिर ओर्लिएँ । करिव ५ मिनेटको पैदल यात्रा पछि तल पाटामा भोजन तयार गरिएको रहेछ, वरपरका छिमेकी सहित सबैले सामुहिक रूपमा त्यहीँ भोजन गऱ्यौं । त्यो साँझको भोजनले बाल्यकालमा विवाह व्रतवन्धमा गाउँघरमा हुने भोजनको झल्को मेटायो ।

खाना खाएपछि केहीबेर को कहाँ बस्ने बारेमा छलफल भयो । गाउँघरमा बासस्थानको असुविधा हुन्छ नै, भूकम्पले पुराना घरहरू क्षतिग्रस्त भएपछि कतिपयले गाउँको बसाइ नै छोडेका छन् भने कतिपयले सरकारी राहतमा दुई कोठे भवन बनाएर गुजारा चलाएका छन् । तसर्थ केही पाहुना वरपर व्यवस्थापन गरिए, केही आगन्तुकहरूका साथ, म भने उनै बालसखा जानुका एवम् हरिप्रसादको घर तिलाहार, दारेगौंडातर्फ ओरालो लागें ।

विहान सवेरैदेखिको यात्रा, दिनभरको हिड्डुलले थकाइ निकै लागिसकेको थियो । हामी पुगेको घरमा झण्डै डेढ दर्जन पाहुनाको व्यवस्था गर्नुपर्ने भयो, उहाँहरूले पटक्कै असजिलो महसुस नगरी माताजीको आशीर्वाद भन्दै हामी सबैलाई सहज शयनको व्यवस्था मिलाइदिनुभयो ।

भोलिपल्ट ७ गते विहानै माथि मन्दिरबाट देवी बेसीतर्फ सवारी गर्ने साइत भएकोले आफ्ना नित्यकर्म सकेर हामी सबैजना मन्दिरतर्फ उकालो लाग्यौं । करिव आधा घण्टाको यात्रा पछि मन्दिर परिसरमा पुग्दा देवीको सवारी हुनै लागेको रहेछ । सबेरै हज्जारौ भक्तजनको उपस्थिति भइसकेको थियो । गुठीयार, सुरक्षाकर्मी, परम्परागत वाजाका समूह, दुई वटा पञ्चैवाजा टोली सहित, ठूलो संख्यामा सर्वसाधारण भक्तजनको उपस्थिति भइसकेको रहेछ । करिव ६ बजेको समयमा देवीको यात्रा शुरूभयो ।

मन्दिरका तीन थरि (मगर, सापकोटा र तिमल्सिना) पुजारीमध्ये मगरले देवीको प्रतिमा सहितको बाकस बोकेका थिए भने अन्य पुजारी तथा गुठियार हरूमध्ये कोहीले पुस्तक, कोहीले कलश त कोहीले धर्मदण्ड बोकेका थिए । पुजारीहरूलाई अन्य भक्तजनले नछोउन र अन्य आकस्मिक सुरक्षा व्यवस्था मिलाउन सुरक्षाकर्मी देवीको प्रतिमा बोक्ने पुजारीहरूका अगाडि पछाडि तैनाथ थिए । मन्दिर प्राङ्गणबाट अघिबढेको लावा लस्कर केही सिंढी झरेपछि वायाँतर्फको ओरालोतर्फ अगाडि बढ्यो । पञ्चेबाजा र देवीको जयजयकारले विहानी पल पुरै गुञ्जायमान भयो । माथिबाट हेर्दा तल्लो सतह पुरै हुस्सुले ढाकेकोले हिउँ जमेको समुद्र जस्तो देखिन्थ्यो भने सूर्योदय हुनै लाग्दाको पूर्वतर्फको लालित्य उस्तै मनमोहक लाग्दथ्यो ।

सल्यानकोटबाट विहानको ६ बजे शुरूभएको सो यात्रा गैरीथोक, चौताराछाप, चिसापानी, भारथोक, चैनपुर हुँदै गणेशथान पुग्दा पौने ९ हुनै लागेको थियो । देवीको

यात्रामा सहभागी त्यत्रो लावालस्कर भिरको बाटो ओरालो झर्दा कुनै विघ्नबाधा परेन । बाजा टोलीले कतै पनि बाजा खण्डित गरेनन् भने जयजयकार गर्नेहरूले पनि निरन्तर देवीको जयजयकार गरिनै रहे । जयजयकार गर्ने मध्येकी हाम्री एउटी चेली शोभा तिमल्सिना पनि असिन पसिन हुँदै यात्राभर देवीको जयकार गर्नमा नै तल्लीन देखिन्थिन् । बाटाका बस्तीहरूबाट स्थानीयबासीहरूले फूलमाला, अविर, केसरीले देवीबाहक सहित सम्पूर्ण सहभागी टोलीलाई स्वागत गरे ।

गणेशथान पुग्दा देवीको स्वागतार्थ

वरपरका बस्तीबाट त्यहाँ हजारौं भक्तजनको उपस्थिति भइसकेको रहेछ भने छुट्टै अन्य पञ्चेबाजाको टोली पनि तैनाथ रहेछ । गणेशथान र गणेश खोला कटेपछि फराकिलो फाँटमा दुवैतर्फका भक्तजनहरूको भेट भयो । सबै सहभागीहरू जयजयकार गर्दै भगवतीलाई देवीघर लैजाने यात्रामा सामेल भए । देवीलाई उहाँको माइतीघर (देवीथान)मा भित्र्याएपछि पूर्वनिर्धारित योजना अनुरूप हामी गाडी भएतर्फ अगाडि बढ्यौं । करिव साढे ११ बजे बसमा सबैजना जम्मा भइयो र नरसिंहधामको दर्शनार्थ सल्यानटारतर्फ लाग्यौं ।

सल्यानटारको फेदी जहाँ नेत्रावती र बुढीगण्डकीको संगम छ, त्यहाँ पुगेपछि बसबाट ओर्लिएर संगममा गई सबैले आआफ्नै पाराले जल सेचन गऱ्यौं । त्यसपछि गुरुकुलको भवन हुँदै माथि आएर नरसिंह भगवान् एवम् द्वादश ज्योतिर्लिङ्गको दर्शन गरेपछि पुनः बसमा जम्मा भएर टारिवेसीतर्फ अगाडि बढ्यौं । टारीबेसीमा खानपिन गरेर हाम्रो यात्रा धादिङ हुँदै काठमाडौंतर्फ लम्कियो । साझको साढेसात हुनैलाग्दा कलंकी आएपछि सो बसबाट ओर्लिएर सिधै कालीमाटी हुँदै सेतोपुल निवासमा आएर विश्राम गरें ।❖

अग्निस्थापना विधि

(विधि-निषेधादि प्रमाणसहितको अनुसन्धानात्मक संगालो)

बिना अधिकारी

वैदिक कर्मकाण्डको मूल आधार भनेकै विधि र निषेध हुन् । आजको समयमा कर्मकाण्ड प्रायः परम्परागत, सुनेको भरमा वा स्थानीय अभ्यासका आधारमा सम्पन्न हुँदै आएका छन् । यिनै सन्दर्भमा युवा विद्वान् तथा आचार्य पण्डित सुरज कौडिन्य पराजुलीद्वारा लिखित अग्निस्थापना विधि पुस्तक अत्यन्तै समयसापेक्ष, अनुसन्ध(ानात्मक र सुधारोन्मुख कृति हो । १२२ पृष्ठमा सीमित भए पनि यस पुस्तकले अग्निस्थापनाजस्तो आ(धारभूत र महत्त्वपूर्ण वैदिक कर्मलाई शास्त्रीय प्रमाणसहित प्रस्तुत गर्ने प्रयास गरेको छ ।



पुस्तकको मुख्य विशेषता भनेकै वैदिक कर्मकाण्ड पद्धतिलाई विधि, प्रक्रिया र नियमसंगत रूपमा गर्नुपर्छ भन्ने सन्देश हो । लेखकले केवल यसरी गर्नुपर्छ भन्ने होइन, किन गर्नुपर्छ भन्ने प्रश्नको उत्तर; वेद, ब्राह्मण, श्रौत-स्मार्त परम्परा तथा व्यवहारिक दृष्टान्तका आधारमा दिएका छन् । हाल प्रचलनमा रहेका कतिपय गलत, अपूर्ण वा शास्त्रविपरीत अभ्यासहरूलाई सही मार्गतर्फ डोऱ्याउने उद्देश्य पुस्तकमा स्पष्ट देखिन्छ । यसका साथै वैदिक मन्त्रहरूको सार तथा भाव संक्षेपमा उल्लेख गरिनुले साधक, विद्यार्थी र कर्मकाण्डी सबैका लागि पुस्तक उपयोगी बनेको छ ।

विषयसूची स्वयंमा यो पुस्तकको गहिराइको परिचायक हो । विषयसूचीभन्दा अघि अग्नीस्थापनाका सम्बन्धमा केही प्रश्नोत्तरहरू राखिएका छन् । कलश(पूजन, रक्षाबन्धन, होमसंकल्प, प्रजापत्यादि नक्षत्र-नियम, कर्मविशेष, चतुःस्रव्या दिशाहोम, पूर्णाहुति, पूर्णपात्रदान, यजमान-गोदान, मेधाकरण, शेषचरहोम, भूतबलिदक्षिणा, सिद्धान्तदान, विसर्जन, अभिषेक, प्रसादग्रहण, आरती, पुष्पाञ्जलि जस्ता शीर्षकहरूले अग्निस्थापनापछि सम्पन्न हुने सम्पूर्ण कर्महरूको क्रमबद्ध ज्ञान दिन्छन् । साथै, पञ्चोपचार, दशोपचार, षोडशोपचार, अग्निस्थापनाका सामग्री, अग्नि ज्वलन विधि, अग्निवास अवधि, देवता-वस्तु सम्बन्ध, संकेत सूची आदि समावेश गरिनुले पुस्तकलाई सन्दर्भग्रन्थको स्वरूप दिएको छ । अग्नीस्थापनाका लागि आवश्यक पात्रहरूको वर्णन सचित्र गरिएको हुँदा पाठकहरूलाई यससम्बन्धि थप बुझ्न मद्दत पुग्नेछ ।

यद्यपि केही कमजोरीहरू पनि देखिन्छन् । अक्षर सानो भएकाले पाठकल(ाई पढ्न अलि असहज हुन सक्छ । प्रश्नोत्तर खण्ड अझ विस्तार गरी कर्मक(ाण्डसम्बि(न्ध थप कुराहरू राखेको भए जिज्ञासु पाठकका शंका समाधानमा थप सहयोग पुग्थ्यो । साथै अग्निस्थापना सामग्री सूचीमा सामान्य कर्मकाण्डमा प्रयोग हुने मुख्य मुख्य सामग्रीहरू समेटिनु पर्ने आवश्यकता देखिन्छ । कुन कर्मका लागि कस्तो प्रकारले अग्नि स्थापना गर्ने भन्ने विषयमा अझ स्पष्ट व्याख्या भएको भए पुस्तक अझ परिपूर्ण बन्ने थियो ।

सुधार गर्नुपर्ने यी सीमित पक्षका बाबजुद अग्निस्थ(ापना विधि शुद्ध, विधिपूर्वक लेखिएको, अनुसन्धानमूलक र संग्रहयोग्य कृति हो । गुडविल प्रकाशनले बजारमा ल्याएको यो पुस्तक वैदिक कर्मकाण्डलाई गम्भीरतापूर्वक बुझ्न चाहने विद्यार्थी, पण्डित, पुरोहित तथा संस्कृत-संस्कृतिप्रेमी सबैका लागि उपयोगी मार्गदर्शकका रूपमा स्थापित हुन्छ भन्नेमा दुईमत छैन ।❖

जनकनन्दिनी सीता

शिवप्रसाद ढकाल

उद्भवस्थितिसंहारकरिणी क्लेश हारिणीम्
सर्व श्रेयस्करी सीतां नतोकनं रामवल्लभाम्।

'उत्पत्ति पालन तथा संहार गर्ने सर्वशक्तिसम्पन्न क्लेशहारिणी कल्याणकारिणी श्रीराम वल्लाभा भगवती श्रीसीताजीको गोस्वामी तुलसीदासले यसरी महिमामय गुणगान गर्नुभयो ।[१] भगवती पराम्बा आद्याशक्तिका रूपमा प्रकाट्य सीता[२] जनकनन्दिनी नामले समेत विख्यात हुनुभयो । नेपालको धर्ती जनकपुरमा जन्मनु भएकी पराम्बा सीतालाई हाम्रो राष्ट्रिय विभूतिको सम्मान प्राप्त छ ।

अत्यन्त ख्याति कमाएको विद्या र ज्ञानको संगमस्थल, मन्थनस्थल त्यो मिथिला ब्रह्मविद्या र आत्मचिन्तनमा मग्न रह्यो । चिन्तनभूमि मिथिला एउटा सभ्यता, संस्कृति र जीवनशैलीको उद्बोधस्थल पनि हो । त्यो मिथिलाको राजधानी अहिलेको नेपालको जनकपुर थियो । त्यो दिव्य दैवीय माटोमा पनि प्राकृतिक प्रकोपले छोडेन । त्यहाँ वर्षा भएन, पानी परेन, खेतिपाति चलेन, अन्न फलेन । मिथिला निवासीले पनि भीषण अनिकाल र दुर्भिक्ष बेहोर्नुपर्‍यो ।

राजभवनमा संकटकालीन सभा बस्यो । अनेक मन्थन र विमर्शहरूभए। विद्वानहरूबाट निष्कर्ष आयो महाराज जनकले हलो जोत्ने, यज्ञ सम्पन्न गर्ने त्यसो भएमा पानी पर्छ, वर्षात् हुन्छ । विद्वत्सभाको यो सुझावलाई राजा जनकले स्वीकार गर्नुभयो र जमिन जोत्न सुरू गर्नुभयो । यस्तैमा हलो जोत्न थालेपछि फालीको नोकबाट खोस्रिएको जमिनको डोबबाट एक दिव्य कन्याको प्रकाट्य भयो त्यहाँ हर्षको सीमा रहेन, कन्यालाई दरबार लगियो र बडो हर्ष र स्नेहका साथ लालनपालन हुनथाल्यो । जमिन जोत्दा हलोले पारेको डोबलाई सीता भनिने हुँदा कन्याको नाम सीता राखियो । यसरी प्रकाट्य हुनुभएकी सीता नै पछि भगवान् रामको सहधर्मीणी जगज्जननी भनेर प्रख्यात हुनुभयो, मिथिला हराभरा भयो ।[३]

विदेह नामबाट प्रसिद्ध सीरध्वज जनककी पुत्री सीताकी बहिनी उर्मिला र काका कुशध्वजकी छोरीहरू बहिनी माण्डवी र श्रुतकीर्तिका साथ बालपन बित्दै गयो । आमा सुनयनाबाट प्राप्त हुने वात्सल्य र मातृस्नेहमा कुनै कमि रहेन । सरल स्वभाव भगवान्प्रति आस्था र भक्ति, मातापिताप्रति आदर सम्मान एवं साथी संगिनीसित स्नेहशील हुने गुण र व्यवहारका कारण सीता परिवारजनसहित सबैबीच प्रिय हुनुहुन्थ्यो । सँधै ज्ञानको चिन्तन चलिरहने जनकदरबारमा उहाँ हुर्किनुभयो।उहाँले बाह्यजगतका अनेक संस्कार शिष्टाचार र व्यवहार पनि सिक्नुभयो ।[४]

विदेह जनक शिवका परमभक्त हुनुहुन्थ्यो । त्यसैले जनककहाँ शिवको माहेश्वरधनुष नासोका रूपमा राखिएको थियो । त्यो धनुषको सँधै पूजा हुन्थ्यो । घर लिपपोत गर्ने क्रममा एकदिन सीताले त्यो विशाल शिव धनुष एक हातले उठाएर लिपपोत पछि यथास्थानमा राखिदिएको दृश्य अनायास जनकको आँखामा पर्‍यो । जनकले त्यसैबेला प्रतिज्ञा गर्नुभयो 'जसले यो माहेश्वर धनुष उठाउला त्यसैका साथ सीताको विवाह हुनेछ ।[५] यथासमय जनकनन्दिनी सीताको विवाह अयोध्याका राजा दशरथका पुत्र रामका साथ सम्पन्न भयो । घोषणाबमोजिम रामबाट प्रलयकारी शिवधनुष भङ्ग भएकोले यो दुर्लभ पाणीग्रहण संस्कार सम्पन्न हुन सम्भव भएको

हो । सीताकी बहिनी उर्मिलाको लक्ष्मणसित, कुशध्वज जनककी छोरीहरू माण्डवी र श्रुतकीर्तिका क्रमशः भरत र शत्रुघ्नसित विवाह सम्पन्न भयो । '.. मर्यादा पुरूषोत्तम भगवान् श्रीरामसँग भगवती पराम्बा सीताको पाणीग्रहण संस्कार अलौकिक र भूगोलमा असम्भव पाणीग्रहण संस्कार थियो ।.. श्रीरामलाई ज्वाईं बनाउन पाउँदा त्यस बेलाका नेपालीहरूले कति ठूलो आनन्द प्राप्त गरेका थिए होलान् । यसलाई वर्णन गरेर साध्य छैन' (डा. स्वामी प्रपन्नाचार्य मिल्केका झिल्का) । श्रीरामलाई विष्णुको सातौं अवतार मानिएको छ । पछि सीताको लव र कुश नामका जुम्ल्याहा दुई पुत्रको जन्म भयो ।

सीतामा दिव्य अलौकिक गुणहरू विद्यमान थिए । मिथिलेश कुमारी सीता जसको मातृभावको उपमा नै छैन, जसको धैर्यको सिमा नै छैन । जुनसुकै कठिन अवस्थामा पनि रामरूपबाहेक उहाँको अन्त कतै चित्त गएन । धैर्यकी प्रतीक, दुःखीमाथि अतुलनीय करूणाभाव भएकी तपस्वीनी सिता नारी आदर्शकी प्रतिमूर्ति हुनुहुन्थ्यो । आध्यात्मिक जगत्मा सीतालाई सीतातत्व अर्थात् शक्ति स्वरूपा मानिएको छ ।[६] मदनमणि दीक्षितले आफ्नो द्रौपदी र सीतामा लेख्नुभएको छ 'कारूणिकता, वात्सल्य, समर्पण, त्याग, पतिभक्ति र आदर्शपत्नीको वियोगिनी प्रतिमूर्ति सीता पृथ्वीभन्दा सहिष्णु छिन् ।' वेदव्यासले देवीभागवतमा १०८ शक्तिपीठ मध्ये सीतालाई चित्रकुटकी अधिदेवता अर्थात् अधिष्ठातृ शक्तिका रूपमा उल्लेख गर्नुभएको छ ।

रामनवमीको अवसर (वि. सं. २०२४ साल तदनुसार १८-४-१९६७) मा सीता रामको हुलाक टिकट तथा (वि.सं. २०२५ साल तदनुसार ७-५-१९६८) सीता जयन्तीको अवसरमा सीताको हुलाक टिकट प्रकाशित गरेर नेपाल सरकारले नेपालकी राष्ट्रिय विभूति जानकी सीताप्रति श्रद्धा र सम्मान अर्पण गरेको थियो ।७ सीता नेपालकी गरिमा र गौरव हुनुहुन्छ ।❖

पादटिप्पणी

१. श्रीसीतारामीय मथुरादास महाराज परात्परा शक्ति श्रीसीता; कल्याण शक्ति अङ्क । हनुमानप्रसादजी पोद्दार, गीताप्रेस गोरखापुर, पृ. २३२
२. डा. स्वामी प्रपन्नाचार्य लेखक, अन्वेषक तथा सम्पादक मिल्केका झिल्का । किरातेश्वर प्रकाशन रवि, पाँचथर, वि.सं. २०६२, ५.१०
३. कल्याण सन्त अङ्क । हनुमानप्रसादजी पोद्दार । गीताप्रेस गोरखपुर, स. २०७३ । पृ. ३२८
४. डा. वीणा पौड्याल - वेदपुराणका केही रत्नहरू । साझा प्रकाशन, वि.सं. २०६२, पृ. ५०
५. श्रीनाभादासजीकृत श्रीभक्तमाला । गीताप्रेस गोरखपुर, सं २०७६, पृ. ७८
६. कल्याण शक्ति अङ्क (सीता-तत्त्व) । गीताप्रेस गोरखपुर, सं. २०६९, पृ. २१५
७. टेकबहादुर खत्री- दि पोष्टल स्ट्याम्प अफ नेपाल । शारदाकुमारी कार्की, सन् १९७३, पृ. १३७

(शिवप्रसाद ढकालको कृति भक्तगाथा (योगदानमा आधारित जीवनी) बाट साभार गरिएको हो)

स्रष्टा सम्मान: *पाथीभरा माता शोभा दिव्यान्श्री सेवा समाजको आयोजनामा गत मङसिर २७ गते आयोजित आध्यात्मिक चिन्तन र अन्तरकृया एवम् सम्मान अभिनन्दन समारोहको अन्त्यमा सम्मानित महानुभावहरूसँगको सामुहिक तस्वीर ।*

सञ्चालक परिषद्को सदस्यसचिवमा शर्मा

पशुपति क्षेत्र विकास कोष सञ्चालक समितिको सदस्य सचिव पदमा वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्मा भुसाल नियुक्त हुनुभएको छ । माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री अनिलकुमार सिन्हाले उहाँलाई सो पदमा नियुक्त गर्नुभएको हो । यसै बीच नवनियुक्त सदस्य सचिव शर्माले यही पुष २ गते पदबहाली गर्नुभएको छ ।

पदवहालीका गर्नुहुँदै उहाँले भगवान् श्रीपशुपतिनाथ विराजित पावन पशुपति क्षेत्रमा रहेर पशुपति नाथको सेवा गर्न पाउनुलाई आफ्नो सौभाग्यको रूपमा लिएको बताउनुभयो । साथै उहाँले आफ्नो सेवा अवधिभर आफूले पाउने तलब भत्ता लगायतका सम्पूर्ण सुविधा भगवान् श्रीको कोषमा नै अर्पण गर्ने बताउनुभयो । स्मरणीय छ पूर्व सदस्य सचिव मिलनकुमार थापा अख्तियार अनुसन्धान आयोगद्वारा दोषी ठहर भई उहाँ विरूद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेपछि गत असार महिनादेखि रिक्त पदमा तत्कालीन मन्त्री बद्री पाण्डेले कोषका कार्यकारी निर्देशक सुभाष चन्द्र जोशीलाई निमित्त सदस्य सचिवको जिम्मेवारी दिनुभएको थियो । गत भदौ १८ गते निलम्बित सदस्यसचिव थापाको पदावधि सकिएपछि सदस्यसचिव पद रिक्त भएको थियो ।

गीता जयन्ती सम्पन्न

ब्रह्मपुरी सत्संग समितिद्वारा विविध धार्मिक अनुष्ठानको आयोजना गरी गीता जयन्ती मनाइएको छ । गीता जयन्तीको अवसरमा गत मङसिर १५ गते समितिले दुवाकोट, न्यौपाने गाउँस्थित समितिको सत्सङ्ग भवनमा अनुष्ठानको आयोजना गरेको हो । कार्यक्रमको प्रारम्भमा समितिकी सक्रिय सदस्य एवम् आरति सञ्चालक गीता न्यौपानेले अन्य उपस्थित महिला दिदीबहिनीहरूको साथमा भगवान् वासुदेवमा सम्बद्ध भगवत गीताको गुणानुवाद गर्दै आरति अर्पण गर्नुभयो । सो क्रममा प्रमिला न्यौपाने, उमा खनाल, नारायणी न्यौपाने, रूपा न्यौपाने, पुष्पा न्यौपाने र अन्य श्रद्धालु मिलेर सामूहिक भजन किर्तन तथा आरती पूजा अर्चना गर्नुभएको थियो । केदारप्रसाद न्यौपानेबाट भगवान् कृष्णसम्बन्धी प्रवचन गर्दै शुरू भएको कार्यक्रममा २०५२ सालदेखि निरन्तर रूपमा सत्संगमा भाग लिँदै आउनुभएकी कौशिका आचार्यले पनि भागवत भावार्थ वाचन गर्नुभएको थियो ।

यसैगरी संस्कृतविद् एवम् गौरी पत्रिकाका स्तम्भकार मोहनप्रसाद आचार्यले गीताले दिएको कर्मयोग, भक्तियोग र ज्ञानयोगलाई सबैले आत्मसाथ गरेमा जीवन सार्थक र अमूल्य हुने बताउनुभयो । साथै उहाँले श्रीमद्भगवत गीताले निर्देशन गरेका ज्ञानलाई मनन गरेर संसार भवसागर तर्न सजिलो हुने बताउनुभयो ।

न्यौपाने सामुदायिक भवनमा प्रत्येक शुक्रबार र एकादशीमा निरन्तर महात्मिका प्रवचन गर्दैआउनुभएका मोहनप्रसाद आचार्य ब्रह्मपुरी सत्संग समितिको संस्थापक सदस्य हुनुहुन्छ । २०५२ साल माघ महिनामा स्थापित यस संस्थाले श्री १००८ रमणानन्द गिरी महाराज लगायतका प्रकाण्ड विद्वान्हरूलाई आमन्त्रण गरेर सम्मान समेत गरेको छ ।

स्वर्गीय डोलेश्वर न्यौपानेको अध्यक्षतामा गठन भएको उक्त संस्थामा हाल हरिराम न्यौपाने, श्रीप्रसाद न्यौपाने, हरि आचार्य, बलराम गेलाल तथा मोहनप्रसाद आचार्य सक्रिय रूपमा सहभागी हुनुहुन्छ ।

नियमित आरति सञ्चालन

चाँगुनारायण नगरपालिका वडा नम्बर २ स्थित प्रसिद्ध त्रिपुरासुन्दरी भद्राक्षीदेवीमा २०८१ भाद्र १५ गतेदेखि नियमित आरति र भजन किर्तन तथा धार्मिक नृत्य शुरू गरिएको छ । मन्दिर सञ्चालक समितिका अध्यक्ष बिदुर आलेका अनुसार उक्त आरति प्रत्येक दिन बेलुकी ५ देखि ६ बजेसम्म सञ्चालन गरिन्छ ।

समितिले संगीतमा रूचि भएकाहरूलाई यस क्षेत्रमा पोख्त बनाउन हालसम्म महिला पुरूष गरी करिब ३० जनालाई हारमोनियम, तबला, मादल खैजडी आदि बजाउन प्रशिक्षण दिइसकेको छ। यसै क्रममा गत कात्तिक २८ गतेदेखि आरति प्रज्वलन गर्न माधवप्रसाद न्यौपानेको नेतृत्वमा चारजना ब्राह्मण खटाइएको छ। आगामि दिनमा प्रत्येक आरतिमा एकजना प्रमुख अतिथिलाई आमन्त्रण गरी उहाँहरूको सल्लाह सुझाव अनुसार अघि बढ्ने

समितिको योजना छ। हालसम्म सालीनदी माधव नारायण संरक्षण समितिका केशव श्रेष्ठ, डोलेश्वर मन्दिरका पुजारी बच्चुराम जङ्गम, बागमती प्रदेशका पर्यटन तथा संस्कृति मन्त्री सुरेश श्रेष्ठ, नेपाल विश्व हिन्दु महासंघका अध्यक्ष तथा योगी नरहरीनाथ ट्रष्टका अध्यक्ष शंकर पौडेल तथा उहाँकी धर्मपत्नी भगवती पौडेलले प्रमुख आतिथ्यता ग्रहण गरिसक्नुभएको छ। अतिथिहरूको आगमनप्रति खुशी प्रकट गर्नुहुँदै समितिका अध्यक्ष आलेले यस्ता व्यक्तित्वहरूको उपस्थितिले सार्थक कर्म गर्न प्रेरणा मिल्ने बताउनुभयो।

भारत महाराष्ट्र राज्यका मन्त्री .विधानसभाका सदस्य पुग्नुभयो मुम्बई मिरा रोडस्थित मनकामना मन्दिरमा

नेपाली समुदायबीच एकता, भाईचारा र वैदिक सनातन संस्कृतिको संरक्षणका उद्देश्यले स्थापना गरिएको मनकामना एकता फाउन्डेशनद्वारा नवनिर्मित मनकामना माता मन्दिरमा आयोजित प्राण प्रतिष्ठा महोत्सव भव्यतापूर्वक सम्पन्न भएको छ। भारतको मुम्बई मिरा रोडमा नवनिर्मित सो मन्दिरको महोत्सवका क्रममा महाराष्ट्र राज्य सरकारका यातायात मन्त्री प्रताप सर्नाइक, महाराष्ट्र राज्यका विधानसभाका सदस्य नरेन्द्र मेहता लगायत विशिष्ठ महानुभावहरू सहभागी भई मनकामना भगवतीको दर्शन गर्नुभएको छ।

नेपाली धर्म, संस्कृति र परम्परालाई प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित यस महोत्सवमा श्रीमनकामना माता मूर्तिको प्राण प्रतिष्ठा सहित विभिन्न धार्मिक एवम् सांस्कृतिक कार्यक्रमहरूको आयोजना गरिएको थियो। महोत्सवले मुम्बई र आसपास बसोबास गर्ने नेपाली समुदायलाई एकताबद्ध गर्दै धार्मिक वातावरणमा जोड्ने महत्वपूर्ण भूमिका खेलेको फाउन्डेशनका फाउन्डेसनका अध्यक्ष मोतिलाल न्यौपानेले वताउनुभयो। महोत्सव गएको मङसिर ९ गते देखि १४ गते (२५ नोभेम्बर देखि ३० नोभेम्बर) सम्म श्रीमनकामना माता मन्दिर, मिरा रोड, ठाणेमा सम्पन्न आयोजना भएको थियो । महोत्सव कै क्रममा भजन कीर्तन लगायतका धार्मिक अनुष्ठानका साथै सांस्कृतिक कार्यक्रम, प्रसाद वितरण तथा विभिन्न सामाजिक गतिविधिहरू आयोजना गरिएको महासचिव केशवराज काफ्लेले जानकारी गराउनु भयो । उहाँका अनुसार महोत्सवको पहिलो दिन मंसिर ९ गते २०८२ (२५ नोभेम्बर २०२५) मंगलवारका दिन घटस्थापना एवम् मंगलाचरण, वेदपाठ, देवी आह्वान एवम् कलश स्थापना(पञ्चेबाजा सहित कलश यात्रा) कार्यक्रम गरियो। त्यसैगरी दोस्रो दिन मङसिर १० गते (२६ नोभेम्बर २०२५) बुधवारका दिन विशेष पूजन एवम् हवन प्रारम्भ र भजन आयोजना गरियो । साथै २७ नोभेम्बर २०२५) बिहीबारका दिन नवग्रह पूजन, रूद्राभिषेक,भक्तजनद्वारा सामूहिक आरतीको कार्यक्रम गरिएको थियो। यसैगरी मङसिर १२ गते (२८ नोभेम्बर २०२५) शुक्रवारका दिन देवीभागवत कथा वाचन एवम् सांस्कृतिक भएको थियो । मङ्सिर १३ गते (२९ नोभेम्बर २०२५) शनिवारका दिन मुख्य मूर्तिको प्राणप्रतिष्ठा विधि, महा हवन, पूर्णाहुति, आरती, सामुहिक भण्डारा र प्रसाद वितरणको कार्यक्रम रहेको थियो।

महोत्सवको अन्तिम दिन मङ्सिर १४ गते ३० गते नोभेम्बर २०२५, आइतवार विशेष धार्मिक कार्यक्रम बीच समापन समारोह सम्पन्न गरिएको थियो। समापन दिनमा आरती, प्रसाद वितरण, सांस्कृतिक प्रस्तुति र भक्तजनहरूको उत्साहजनक उपस्थितिले कार्यक्रम अझै भव्य बनेको थियो।

भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्धन गरौं ।

- ❖ मौलिक संस्कृतिको रक्षा गरौं ।
- ❖ राष्ट्रिय पोशाक तथा मौलिक संस्कृतिप्रति गौरव गरौं ।
- ❖ मातृभाषाको सम्मान गरौं ।
- ❖ परम्परागत कला, संगीत, नृत्य र खानेकुराको संरक्षण तथा प्रवर्धन गरौं ।
- ❖ महत्त्वपूर्ण सभा, समारोह, विवाह, पर्व तथा उत्सवमा राष्ट्रिय पोशाकलाई प्राथमिकता दिऔं ।
- ❖ सांस्कृतिक धरोहर, गुठी, मठ, मन्दिर तथा ऐतिहासिक स्थलहरूको संरक्षण र प्रवर्धन गरौं ।
- ❖ सन्ततिलाई मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराको जानकारी गराऔं ।
- ❖ आधुनिकता र प्रविधिसँगै आफ्नो मौलिक परम्परा जोगाऔं ।

नेपाल सरकार

विज्ञापन वोर्ड

अरुणसिंह पण्डालवाला
प्रोपाइटर
ॐ
अरूणसिंह पण्डालवाला
गौरीघाट काठमाडौं, मोवाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५
सेवाहरू:
वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला
साथै बत्ती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

अब गौरी मासिक इ-पत्रिकामा संसार भरि पनि पढ्न सकिन्छ ।
गौरी अब ईन्टरनेको माध्यमबाट
पनि पढ्न सकिन्छ।
www.ushaeduhouse.com
मा गएर निःशुल्क, सशुल्क
डोनेशनमा पढ्न सकिने
जानकारी गराउँदछौं।
देश तथा विदेशमा रहनु
भएका पाठक वर्गले सिधै
सर्वसुलभ रूपमा पढ्न सक्नुहुनेछ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली
भोजनका लागि सदैव सम्झनुहोला ।
त्रिवेणी भोजनालय
क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

Your Printing Solution
"गुणस्तरीय छपाई,
सुपथ मुल्य"
किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौं, फोन: ०१-४०२२५४४

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रवर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्
गृहिणी
चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू

गो.हु.का. (म.क्ष.हु.नि.द.नं.) १०/०६७/०६८

भगवान् श्रीपशुपतिनाथको दर्शनार्थ पाल्नुहुने भक्तजनमा विशेष अनुरोध !

१. भगवान् श्रीपशुपतिनाथको दर्शनार्थ पाल्नु हुने दर्शनार्थीहरूले बहुमूल्य गर-गहना लगाएर नआउनु हुन अनुरोध छ ।

२. मन्दिर आउँदा झोलाहरू सकभर नल्याउनु हुन र पशुपति क्षेत्रको मापदण्ड बमोजिम प्लाष्टिक झोला, कप, प्लेट आदिको प्रयोग निषेध गरिएकोले त्यस्ता सामानको प्रयोग नगरिदिनु हुन अनुरोध छ ।

३. दुध, गङ्गाजल जस्ता सामाग्रीका लागि टुट-फूट हुने कांच (सिसा) का भाँडा प्रयोग नगरिदिनु हुन अनुरोध छ ।

४. मन्दिर दर्शन गर्नु अगाडि तोकिएको स्थानमा जुत्ता-चप्पल राखेर मात्र मन्दिर प्रवेश गरिदिनु हुन अनुरोध छ ।

५. छालाका सामान, जुत्ता, चप्पल, ज्याकेट, कम्मरपेटी लगाएर मन्दिरमा प्रवेश निषेध भएकोले त्यस्ता सामानहरू तोकिएको सुरक्षित स्थानमा राखेर मात्र मन्दिर दर्शन गर्नुहुन अनुरोध छ ।

६. श्रीपशुपतिनाथका मन्दिर प्राङ्गणमा सबै प्रकारका मोवाइल फोन, क्यामरा आदि सामाग्रीको प्रयोग निषेध गरिएकोले त्यस्ता सामग्रीको प्रयोग नगरिदिन सम्पूर्ण भक्तजनहरूमा सादर अनुरोध गरिन्छ ।

७. आराध्यदेव भगवान् श्रीपशुपतिनाथको दर्शन गरिसकेपछि छिटो भन्दा छिटो मन्दिर परिसर बाहिर निस्किदिनु भई भिड हुन नदिन सहयोग गर्नुहुन अनुरोध छ ।

८. पाकेटमारादेखि सावधान रहनुहोला र आफ्नो सामानको सुरक्षाप्रति विशेष सजग रहनुहोला ।

९. श्रीपशुपतिनाथ मन्दिर सहित यस क्षेत्रलाई स्वच्छ र सफा राख्न, जथाभावी फोहोर नगरी निर्दिष्ट स्थानमा रहेका शौचालयहरूको प्रयोग गर्नुहुन अनुरोध छ ।

१०. धुपबत्ती बाल्नको लागि मन्दिरको पश्चिमतर्फ तोकिएकोले मन्दिरभित्र जथाभावी धुपबत्ती नबाल्नुहुन अनुरोध छ ।

पवित्र तीर्थस्थलको मर्यादा कायम गर्न सबैले सहयोग गरौं ।



पशुपति क्षेत्र विकास कोष
देवपत्तन, गौशाला, काठमाडौं